# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक २२५ | काठमाडौं | शुक्रबार, २९ मंसिर २०८० | Prabhab National Daily | Friday, December 15, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## महासचिवमा सभामुखको हत्ते, राष्ट्रपति पनि भिड्दै

- चार दिनपछि गौतमको राजीनामा स्वीकृत गरे पनि नयाँ महासचिवमा सिफारिस भएका पाण्डेयको नाम भने राष्ट्रपतिले अनुमोदन गरेनन्
- गौतमको राजीनामा स्वीकृत हुने तर राष्ट्रिय सभाका अध्यक्ष र आफ्नो संयुक्त सिफारिसबाट पनि महासचिवमा पाण्डेयले नियुक्ति नपाएपछि सभामुख घिमिरे राष्ट्रपतिसँग क्रुद्ध बनेका छन्
- यस प्रकरणमा भरतराजलाई एमालेले 'पछि हेरौंला' भन्ने क्लज राखेर राजीनामा गर्न बाध्य पारेको बताइएको छ
- राष्ट्रपतिले भने पाण्डेयले सचिवबाट राजीनामा नदिई महासचिव बन्न नपाउने भन्दै नियुक्ति नै 'होल्ड' गरेका छन्





■ प्रभाव संवाददाता

**काठमाडौं–** यतिबेला संघीय संसद्को महासचिव भरतराज गौतमको राजीनामाले राजनीतिक विवाद चर्किएको छ । आइतबार साँझै राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष राजीनामा बुझाए पनि स्वीकृत नभएपछि यो प्रकरण थप विवादमा आएको हो ।

राष्ट्रपतिले उक्त राजीनामा स्वीकृत नगरेपछि संघीय संसद्को सचिवालयले उक्त समाचार सोमबार बिहानबाट आफैं प्रचार गर्न लगाए । कार्यकाल करिब आठ महिना बाँकी छँदै अकस्मात महासचिवको राजीनामा संसद्का कर्मचारीका लागि पनि अचम्मको विषय भयो । कतिले पत्याएनन् पनि ।

आइतबार राजीनामा स्वीकृत नभएपछि राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना र प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे बिहानै शितलनिवास पुगे । उनीहरूको साथमा संसद्को नयाँ महासचिवमा पदमप्रसाद पाण्डेयलाई सिफारिस गरेको पत्र थियो । राष्ट्रपतिले अध्ययन गर्ने भन्दै दुवै विषयलाई थाँती राख्यो ।

आइतबार राजीनामा दिएका महासचिव गौतमको राजीनामा राष्ट्रपतिले बुधबारमात्र स्वीकृत गरे। 'सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूसमक्ष संघीय संसद्को महासचिव डा. भरतराज गौतमले मिति २०८०/०८/२४ देखि लागू हुनेगरी आफ्नो पदबाट दिनुभएको राजीनामा सोही मितिदेखि लागू हुनेगरी सम्माननीय राष्ट्रपतिज्यूले मिति २०८०/०८/२७ मा स्वीकृत गर्नुभएको छ,' राष्ट्रपति कार्यालयकी प्रवक्ता शैलजा रेग्मी भट्टराईले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। चार दिनपछि गौतमको राजीनामा स्वीकृत गरे पनि नयाँ महासचिवमा सिफारिस भएका पाण्डेयको नाम भने राष्ट्रपतिले अनुमोदन गरेनन् ।

त्यसअघि नै अध्यक्ष र सभामुखले पाण्डेयलाई कार्यवाहक महासचिवको जिम्मेवारी दिइसकेका थिए। गौतमको राजीनामा स्वीकृत हुने तर राष्ट्रिय सभाका अध्यक्ष र आफ्नो संयुक्त सिफारिसबाट पनि महासचिवमा पाण्डेयले नियुक्ति नपाएपछि सभामुख घिमिरे राष्ट्रपतिसँग क्रुद्ध बनेका छन्। यस विषयमा राष्ट्रपतिले अनावश्यक बखेडा निकाल्न खोजेको दाबी गर्दै यस्तै अवस्था रहे अदालतसम्म पुग्नसक्ने चेतावनी दिएका छन् घिमिरेले । 'संसद्को महासचिवको नियुक्ति सिफारिस रोक्नु अनुचित कार्य हो,' सभामुख घिमिरेले बिहीबार सिंहदरबारमा सञ्चारकर्मीसँग भने। यता राष्ट्रपति कार्यालयले भने पाण्डेयले सचिवबाट राजीनामा नदिँदै उक्त पदमा दाबी गर्न नमिल्ने भन्दै सिफारिस अनुमोदनलाई 'होल्ड'मा राखेको छ ।

(क्रमशः पृष्ठ २ मा)

## जोगिए शक्तिशाली आरोपी

■ जेबी योञ्जन



बालकृष्ण खाण



लक्ष्मी महतो कोइरी

- शरणार्थी काण्डमा कांग्रेस नेता बालकृष्ण खाणलाई ३० लाख धरौटीमा छाड्न आदेश
- असई थमन विक हत्याकाण्डमा एमालेका निलम्बित सांसद लक्ष्मी महतो कोइरीलाई सफाइ
- लोसपाका प्रदेश सांसद अभिराम शर्मालाई जन्मकैदको सजाय

**काठमाडौं–** एकैदिन फरक-फरक दुई चर्चित काण्डका 'शक्तिशाली आरोपी'हरूको पक्षमा अदालतबाट आदेश भएको छ । पाटन उच्च अदालत ललितपुरबाट कांग्रेस नेता तथा पूर्वगृहमन्त्री बालकृष्ण खाण र निलम्बित एमाले सांसद लक्ष्मी महतो कोइरीको पक्षमा जिल्ला अदालत महोत्तरीबाट आदेश भएको हो ।

खाण ८७५ जना नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै गरेको ठगी प्रकरणका एक जना मुख्य आरोपी हुन् । उनलाई न्यायाधीश कृष्णराम कोइरालाको एकल इजलासले 'मिसिलबाट प्रत्यक्षरूपमा अभियोग दाबीबमोजिमको कसुरमा संलग्न रहेको अवस्थाको प्रमाण अभाव देखिएको'ले धरौटीमा रिहा गर्न बिहीबार आदेश दिएको हो ।

अदालतका प्रवक्ता तीर्थराज भट्टराईका अनुसार इजलासले खाणसँग ३० लाख रूपैयाँ धरौटी माग्ने निर्णय गरेको छ । '...काठमाडौं जिल्ला अदालतबाट २०८०-३-१ मा थुनामा राखी पुर्पक्ष गर्नेगरी भएको आदेशलाई बेरीतको देखिँदा बदर गरी रु ३० लाख रूपैयाँ नगद धरौट वा बैंक जमानत लिई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नेगरी मिति २०८०-०८-१५ मा भएको रायमा सहमतिको राय कायम गरिदिएको छ,' प्रवक्ता भट्टराईले फैसलाको संक्षिप्त पाठ पत्रकारहरूलाई सुनाए ।

गत मंसिर १५ गते सोही अदालतको एउटा संयुक्त इजलासमा दुई न्यायाधीशको राय बाझिएको थियो । खाणको हकमा ३० लाख रूपैयाँ धरौटी लिई तारेखमा राखेर मुद्दा चलाउनुपर्ने न्यायाधीश जनक पाण्डेको मत थियो । अर्का न्यायाधीश प्रकाश खरेलको मत थुनामा पठाएर मुद्दा चलाउनुपर्ने थियो । यसरी एउटै मुद्दामा दुई न्यायाधीशको परस्पर विरोधी मत व्यक्त भयो ।

तर, संयुक्त इजलासले एमाले नेता टोपबहादुर रायमाझीसहित आठ जनालाई पुर्पक्षका लागि भने थुनामा पठाउन आदेश दिएको थियो । खाणको हकमामात्रै न्यायाधीशद्वयको मत बाझिएको हो ।

यसपछि उक्त मुद्दाको अन्तिम सुनुवाइका लागि तेस्रो न्यायाधीश कोइरालाको इजलासमा पेसी तोकिएको हो । अन्ततः कोइरालाले धरौटी मागेर चर्चित शरणार्थी काण्डका मुख्यमध्येका एकजना आरोपी खाणलाई धरौटीमा छाड्न आदेश दिएको हो ।

खाण सभापति शेरबहादुर देउवानिकट नेता मानिन्छन् । उनलाई रिहा गर्न बिहीबार अदालतले दिएको आदेशलाई न्यायिकवृत्तमा शरणार्थी काण्डमा उन्मुक्ति दिने कदमको रूपमा टिप्पणी हुन थालेको छ ।

नेपाल प्रहरीका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) विज्ञानराज शर्माले खाण पक्राउ पर्नुभन्दा पहिले सामाजिक सञ्जालमा एक भिडियो पोस्ट गर्दै उनी गृहमन्त्री हुँदा नै नक्कली भुटानी शरणार्थी प्रकरणबारे उजुरी परेको र दुईजना पक्राउ गरिँदा खाणकै दबाबले उनीहरू छुटेको दाबी गरेका थिए ।

तर खाणले भने शरणार्थी प्रकरणमा कुनै संलग्नता नरहेको भन्दै प्रतिरक्षा गरेका थिए । उनले पटक-पटक अभियोगमाथि इन्कारी बयान दिएका थिए । न्यायाधीश कोइरालाको इजलासले पनि खाणलाई रिहा गर्नुको एउटा कारणमा अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष बयान गर्दा अभियोग पूर्णतः इन्कार रही बयान गरेको देखिएको उल्लेख गरेको छ ।

जाहेरवाला तथा घटना विवरण कागज गर्ने पीडितहरूले खाणले ठगी गरेको वा रकम लिएको भनी नाम उल्लेख नगरेको, खाणविरुद्ध किटानी जाहेरी नपरेको र सहअभियुक्तहरूले बयानका क्रममा खाणलाई नपोलेको भन्ने आधारलाई पनि रिहा आदेशको कारण मानेको छ ।

अर्का अभियुक्त टेकनारायण पाण्डेले नरेन्द्र केसी (खाणका स्वकीय सचिव)लाई सम्बोधन गरी लेखेको चिटमा खाणको नाम उल्लेख नभएको, टेकनारायण र केशव दुलालबीच भएको टेलिफोन संवादमा उल्लेख भएको गिफ्ट भनेको रकम हो र उक्त रकम केशव दुलालबाट खाणले लिएको भन्ने नदेखिएको इजलासको ठहर छ ।

यी अनेक तर्क अघि सारेर अन्ततः रिहा गर्न अदालतले आदेश दिएको हो । तर, सम्पति शुद्धीकरणसम्बन्धी कसुरमा पनि अनुसन्धान हुने भएकाले खाण आजै रिहा नहुने देखिएको छ ।

### निलम्बित सांसद कोइरीले पाए सफाइ

बिहीबार नै सशस्त्र प्रहरी बलका असई थमन विकको हत्या आरोपी एमालेका निलम्बित सांसद लक्ष्मी महतो कोइरीले अदालतबाट सफाइ नै पाएका छन् । जिल्ला न्यायाधीश उद्धवप्रसाद भट्टराईको इजलासले असई विकको हत्या घटनामा कोइरीको संलग्नता पुष्टि हुने प्रमाण अभाव भएको र उनले मुद्दामा सफाइ पाउने फैसला गरेको अदालतकी श्रेस्तेदार नुतन झाले जानकारी दिइन् । कोइरी भने हालसम्म फरार छन् ।

मधेस आन्दोलनको क्रममा २५ भदौ २०७२ मा हेटौंडाबाट संयुक्त राष्ट्रसंघीय मिसनका लागि परीक्षा दिएर ड्युटीका लागि महोत्तरी पुगेका असई विकलाई आन्दोलनकारीहरूले आक्रमण गरेका थिए ।


(क्रमशः पृष्ठ २ मा)

सन्दर्भ: वैदेशिक रोजगार

## साढे २६ प्रतिशतले बढ्यो रेमिट्यान्स

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको चार महिनामा विदेशबाट भित्रिने विप्रेषण (रेमिटचान्स) अघिल्लो वर्षको तुलनामा साढे २६ प्रतिशतले बढेको छ । नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा विप्रेषण आप्रवाह २६.४ प्रतिशतले बढेको पाइएको हो ।




प्रतिवेदनअनुसार कात्तिक मसान्तसम्म कूल चार खर्ब ७७ अर्ब ९६ करोड रूपैयाँबराबरको विप्रेषण मुलुक भित्रिएको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २०.४ प्रतिशतले बढेको थियो । गत आर्थिक वर्षमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या उच्च रहेकोले रेमिटचान्स आप्रवाह बढाउन भूमिका खेलेको सरोकारवाला अधिकारीहरू बताउँछन् ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत नयाँ) लिने नेपालीको संख्या एक लाख ३७ हजार ४७५ पुगेको उल्लेख गरिएको छ । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ६८ हजार ८४१ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः एक लाख ९६ हजार ७३५ र ८७ हजार ४२८ रहेको थियो ।

समीक्षा अवधिमा अमेरिकी डलरमा पनि विप्रेषण आप्रवाह २३.१ प्रतिशतले बढेको छ। अमेरिकी डलरमा भित्रिएको विप्रेषण साउनदेखि कात्तिक मसान्तसम्मको अवधिमा तीन अर्ब ६० करोड पुगेको राष्ट्र बैंकको तथ्यांक छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १०.८ प्रतिशतले बढेको थियो । केन्द्रीय बैंकका अनुसार समीक्षा अवधिमा खुद ट्रान्सफर २४.९ प्रतिशतले वृद्धि भई पाँच खर्ब २१ अर्ब ४० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर २०.२ प्रतिशतले बढेको थियो ।

रेमिटचान्स बढ्नुमा गत आर्थिक वर्ष वैदेशिक रोजगारीमा गएका श्रमिकहरूको योगदान रहेको सरोकारवालाहरूको भनाइ छ। गत आवमा पौने आठ लाखको हाराहारीमा नेपाली श्रमिक श्रम स्वीकृति लिएर रोजगारीका लागि विदेसिएका थिए ।

(क्रमशः पृष्ठ २ मा)

## श्रम बजारको समस्या समाधानमा श्रममन्त्रीको जोड



**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले विश्वव्यापी श्रमबजारमा देखिएका समस्या समाधानका लागि सरोकारवालाहरू एक हुनुपर्नेमा जोड दिएका छन् । साउदी अरेबियाको रियादमा बिहीबार भएको मन्त्रीस्तरीय र व्यावसायिक गोलमेच सम्मेलनमा मन्त्री भण्डारीले हाल विश्वबजार नै द्रूत रूपान्तरणबाट गुज्रिरहेको अवस्थामा श्रम बजारमा देखिएका समस्या समाधान गर्न जोड दिएका हुन् ।

उनले सामूहिक प्रयासबाट कार्यदल तयार गर्दै श्रम बजार व्यवस्थित गरेर उत्पादकत्व अभिवृद्धि गर्नुपर्ने बताए । सामूहिक प्रयासबाट नै श्रमिक वर्गको सामाजिक सुरक्षा प्रदान गर्नुपर्ने मन्त्री भण्डारीको भनाइ छ । 'विश्वव्यापीरूपमा सीपयुक्त श्रमिकको माग भइरहेको अवस्थामा श्रम बजारमा रहेको सीप अभावको खाडल पुर्न नेपालले लक्षित वर्गलाई सीप तथा प्रशिक्षण प्रदान गर्दै आएको छ,' उनले भने ।

नेपालमा संगठित श्रमको अनिवार्यतालाई बुझेको उल्लेख गर्दै मन्त्री भण्डारीले सीप विकासलाई प्राथमिकता दिएको उनको सचिवालयले उल्लेख गरेको छ। उक्त सम्मेलनमा आफ्नो भनाइ राख्दै श्रम र रोजगारदाताबीच सम्बन्ध निर्माण गर्न सरकारी निकायले विश्वासको वातावरण बनाउनुपर्नेमा मन्त्री भण्डारीले जोड दिए ।

(क्रमशः पृष्ठ २ मा)




# एमाले अध्यक्ष ओलीमाथि मुक्का प्रहार

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीमाथि धनकुटाको लेगुवामा मुक्का प्रहार भएको छ । आठ जना पहिचानवादी नेताहरू बुधबार पक्राउ परेको लेगुवामा बिहीबार पुगेका ओलीमाथि स्थानीय महेश राईले मुक्का प्रहार गरेका हुन् । लगत्तै ओली नेतृत्वको संकल्प यात्रामा सहभागी र प्रहरीले महेशलाई नियन्त्रणमा लिए ।

लेगुवाका एमाले नेता कार्यकर्ताहरूले ओलीलाई फूलमालाले स्वागत गरिरहेका बेला भीडमा घुस्रिँदै पुगेका राईले मुक्का प्रहार गरेको भिडियोमा देख्न सकिन्छ ।

तर, एमालेले भने ओलीमाथि मुक्का प्रहार नभएको जनाएको छ । बिहानैदेखि ओलीको स्वागतमा रहेका राईले माधकपदार्थ सेवन गरेपछि ओलीको छेउमा हुत्तिँदै पुगेर अस्वाभाविक व्यवहारमात्रै देखाएको एमाले कोशी प्रदेश अध्यक्ष घनश्याम खतिवडाले बताए । उनले सामान्य घटनालाई अतिरञ्जित पारेको भन्दै दुःख व्यक्त गरे ।

'म अध्यक्ष कमरेडको अगाडि थिएँ । जाँड खाएर हुत्तिएका हुन् । केही भएको होइन तर मुक्का प्रहार भयो भनेर अतिरञ्जित भइरहेको छ, जुन ठीक होइन,' अध्यक्ष खतिवडाले भने ।

पहिचानवादीहरू ओलीलाई कट्टर पहिचानविरोधी नेता मान्छन् । यसअघि नै ओली सहभागी संकल्प यात्रालाई प्रतिरोध गर्ने उनीहरूले घोषणा गरेका थिए । आफूहरूलाई आतंककारी भनेको भन्दै ओलीको विरोध गर्दै आएका छन् । राई पनि पहिचानवादी हुन सक्ने र उनलाई पहिचानवादीहरूले परिचालन गरेको चर्चा हुन थालेको छ ।

यसअघि वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाललाई १८ फागुन २०७६ मा राष्ट्रियसभा गृहमा आयोजित एक कार्यक्रममा पूर्वमाओवादी कार्यकर्ता रतन तिरुवाले जुत्ता प्रहार गरेका थिए । उनले माओवादी बिग्रिएको भन्दै आक्रोशित भएर दाहाललाई जुत्ता प्रहार गरेको बताएका थिए ।

त्यसअघि भने ६ माघ २०६७ मा तत्कालीन एमाले अध्यक्ष झलनाथ खनालमाथि सुनसरीको भरौलका देवीप्रसाद रेग्मीले चड्कन दिएका थिए । एमालेमा आस्थावान उनले आमालाई कुनै ठूला नेतालाई चड्कन दिने मन छ भनेको र हान्न मन लागेको बेला झलनाथ संजोगले परेको बताएका थिए ।

## पहिलो महिला परराष्ट्रसचिव बनिन् सेवा

**काठमाडौं (प्रस)–** सेवा लम्साल मुलुकको पहिलो महिला परराष्ट्रसचिव बनेकी छन् । सरकारले वरिष्ठ सहसचिव लम्साललाई परराष्ट्रसचिवमा बढुवा गरेको हो ।

मन्त्रिपरिषद्को बिहीबारको बैठकले उनलाई उक्त पदमा बढुवा गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् । उक्त पदको जिम्मेवारी पाउने उनी पहिलो महिला भएकी छन् ।

मन्त्री शर्माका अनुसार मन्त्रिपरिषद् बैठकले नेपाली सेनाका उपरथी अशोकराज सिग्देललाई रथी पदमा बढुवा गर्ने निर्णय गरेको छ । साथै, बैठकले विद्युत् खपत वृद्धि तथा खनिज इन्धन न्यूनीकरणसम्बन्धी कार्ययोजना, २०८० स्वीकृत गर्ने निर्णय गरेको छ ।

# जनताले अनुभव गर्नेगरी काम गर्न प्रधानमन्त्रीको निर्देशन



**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले जनताले महसुस गर्नेगरी स्पष्ट नीति तथा कार्यक्रमसहित परिणाममुखी कार्ययोजना कार्यान्वयन गर्न मन्त्रिपरिषद्का सदस्य एवं विशिष्ट श्रेणीका कर्मचारीहरूलाई निर्देशन दिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार आयोजित आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको चौमासिक समीक्षा बैठकमा प्रधानमन्त्री दाहालले जनताले अनुभूत गर्नेगरी काम गर्न निर्देशन दिएका हुन् ।

आव २०७९/८० को प्रथम चौमासिकको तुलनामा चालु आवको सोही अवधिमा देशको समग्र अर्थतन्त्र विकास निर्माणसँग सम्बन्धित सूचकहरू सकारात्मक देखिए पनि सन्तोष गर्ने ठाउँ नभएको उल्लेख गर्दै उनले एकअर्काका कमी-कमजोरी देखाउनुभन्दा पारस्परिक समन्वय र सहकार्यका आधारमा देश र जनताका पक्षमा काम गर्नुपर्नेमा जोड दिए ।

प्रधानमन्त्रीले भने, 'मेरो नेतृत्वमा गठन भएको सरकारको एक वर्षे कार्यकाल पूरा हुने चरणमा छ, यस अवधिमा अपेक्षा गरिएअनुसारका काम हुनसकेका छैनन्, अब चौमासिक नभई वार्षिक कार्यक्रम, कार्ययोजना र उपलब्धिलाई वस्तुनिष्ठ समीक्षा गर्दै यसबीचमा भएका कमजोरी र सबल पक्षलाई चिरफार गरी जनताले अनुभूत गर्नेगरी काम गर्न सबैसँग अपिल गर्दछु ।'

गत साउनमा प्रतिबद्धता गरेअनुसारको परिणाम दिन केही मन्त्रालय असमर्थ भएकामा त्यसप्रति असन्तुष्टि जनाउँदै प्रधानमन्त्रीले निश्चित कार्यअवधिभित्र तोकिएको लक्ष्य पूरा नगर्नेलाई जिम्मेवारीबाट हटाउनुबाहेक आफूसँग अर्को विकल्प नरहेको चेतावनी दिए । उनले अर्को समीक्षा बैठकमा कार्ययोजनासहित प्रस्तुत हुन सबैलाई निर्देशन दिए ।

बैठकमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले मौजुदा सार्वजनिक खरिद ऐन, पर्याप्त बजेट र जनशक्तिसहित आवश्यक समन्वय र सहकार्यको अभावलगायत विविध समस्याका कारण नीति तथा कार्यक्रम कार्यान्वयनमा समस्या आएको बताए ।

## पृष्ठ १ बाट क्रमशः

### जोगिए शक्तिशाली ...

आक्रमणपछि घाइते भएका उनको उपचार गराउन एम्बुलेन्समा लैजाँदै गर्दा थुतेर खेतमा लखेटीलखेटी हत्या गरिएको थियो । जतिबेला आन्दोलनकारीहरूको नेतृत्व कोइरीले गरेका थिए । तर, बिहीबार अदालतबाट उनले सफाइ पाए ।

### लोसपा सांसदलाई जन्मकैद

सोही मुद्दामा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का प्रदेश सांसद अभिराम शर्मालाई जन्मकैदको सजाय सुनाएको छ । शर्मा हाल मधेस प्रदेशका सांसद हुन् । उनीसँगै अभियुक्तहरू सञ्जयकुमार साह, प्रदीप साह माझी, मोहन ठाकुर, धर्मेन्द्र राय, रामशंकर मिश्र र सुरेश पाण्डेलाई अदालतले जन्मकैदको सजाय सुनाएको श्रेस्तेदार झाले बताइन् ।

### महासचिवमा सभामुखको ...

एमाले र कांग्रेसको आ-आफ्नै दाउ

संघीय संसद्का महासचिव गौतमको पदावधि बाँकी छँदै राजीनामा आउनुको प्रमुख कारण हो, राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको बिदाइ । छ वर्षे लामो कार्यकाल सकेर तिमिल्सिना राष्ट्रिय सभाबाट फागुन २० गते बिदा हुँदै छन् । उनको स्थानमा अब सत्ता गठबन्धनबाट सम्भवतः नेपाली कांग्रेसका अध्यक्ष बन्ने छन् । कांग्रेसबाट अध्यक्ष बनेपछि गौतमले अवकाश लिँदा नयाँ महासचिव कांग्रेस पृष्ठभूमिका आउने सम्भावना देखिन्छ । किनभने संसद्को महासचिव नियुक्तिबाट आउने पद हो ।

यही विषयलाई ख्याल राख्दै पाण्डे र घिमिरेले एमाले पृष्ठभूमिका पाण्डेयलाई महासचिवमा हतारहतार अघि सारेका हुन् । यस प्रकरणमा भरतराजलाई एमालेले 'पछि हेर लैला' भन्ने क्लज राखेर राजीनामा गर्न बाध्य पारेको बताइएको छ । गौतमले पनि यही विश्वासमा घरायसी कारण देखाउँदै राजीनामा दिएको बताइन्छ ।

यता कांग्रेसबाट राष्ट्रपति बनेका पौडेललाई यति कुरा बुझ्न ढिलाइ हुने कारणै भएन । पौडेलले पनि यो खेलमा 'रेफ्री'को भूमिका निभाउन खोजेका छन् । राष्ट्रपति कार्यालयले पाण्डेयले सचिवबाट राजीनामा नदिई महासचिव बन्न नपाउने क्लजमा पकडिरहेको छ भने सभामुख पक्षले भने विगतका नजिरमा महासचिव पद खाली राख्नै नहुने उल्लेख गरेको छ । 'महासचिव पद कुनै बढुवा वा निजामती कर्मचारीको जस्तो होइन । यो नियुक्तिको विषय हो । अर्को सचिवबाट राजीनामा नआई महासचिव सिफारिस भएकाले यसमा कानुनी त्रुटि हुनसक्ने भन्दै अध्ययनमा छौं,' राष्ट्रपतिका प्रेस सल्लाहका किरण पोखरेलले भने । दुई पक्षले जस्तो जे भने पनि संसद्मा आफूलाई सहज बनाउन सभामुख घिमिरे र एमाले आफ्नो सजिलो पात्र पाण्डेय चाहन्छन् भने कांग्रेस र गठबन्धन सभामुखलाई अप्ठेरो पार्ने पात्रको खोजीमा छन् । यही विषयको टकरावले गर्दा जनताको आवाज उठाउने थलो संसद्ले पूर्णअधिकार प्राप्त महासचिव पाउनेमा ढिलाइ हुने देखिन्छ ।

### श्रम बजारको...

यतिमात्र नभई उनले श्रमिकहरूको सामाजिक सुरक्षा प्रदान गर्ने दायित्व पनि सरकारकै हुने उल्लेख गरे । प्रभावकारी सामाजिक सुरक्षाका लागि नेपाल सरकारले काम गरिरहेको बताउँदै मन्त्री भण्डारीले यसमा जोखिममा परेकालाई जोगाउन र सबैलाई समेट्न सुनिश्चित गरिने धारणा व्यक्त गरे । कुशल र उत्पादक श्रम बजारका लागि यस्ता अन्तरर्ाष्ट्रिय मञ्चमार्फत पारस्परिक सूचना र शिक्षा आदानप्रदान गर्न तथा सामूहिकरूपमा काम गर्नका लागि सम्पर्क सञ्जाल स्थापना गर्न प्रस्तावसमेत गरेको मन्त्री भण्डारीको सचिवालयले जनाएको छ ।

### साढे २६...

लक्ष्यअनुसार राजस्व उठाउन नसकेको तथा अन्य स्रोतहरू पनि नजुटेको अवस्थामा रेमिटचान्स बढ्दा सरकारलाई ठूलो राहत भएको छ । यद्यपि, राष्ट्र बैंकले सार्वजनिक गरेको उक्त तथ्यांक वैधानिक च्यानलबाट आएको रकममात्र हो । यसबाहेक हुण्डीलगायत अवैधानिक च्यानलबाटसमेत विदेशबाट रकम भित्रिने गरेको बताइन्छ ।


## हकदाबी सम्बन्धी सूचना

हिमालयन लाइफ इन्सुरेन्सबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने ब्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**बीमालेख नं.** : ULI ३४१००००१३६
**बीमितको नाम** : पशुपति चापागाई
**ठेगाना** : नागर्जुन नगरपालिका, काठमाडौं

## सूचना ! सूचना !! सूचना !!!

**Tiaranasa Manpower Pvt. Ltd.** को नाममा भएको प्राइम कम्मरसियल बैंकको चल्ति खाता नम्बर (A/C) 01802480 CA बन्द भएको उक्त कम्पनीको नामको चेकबाट कोही कसैको भुक्तनी हुन बाँकी भएमा आजको मितिबाट ३५ दिन भित्र सम्पर्क गर्नुहोला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा जानकारी गराइन्छ ।

Govt. License 1330/074/75
TIARANASA MANPOWER PVT.LTD. (RAM RAHIM OVERSEAS PVT.LTD)
Kathmandu N.P.-26, Rehdon Bridge, Kathmandu, Tel: 01-4362723



**पुनर्वास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पुनर्वास, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**


## ठेक्का तोडी कालो सुचीमा राख्ने सम्बन्धी अन्तिम सूचना

**प्रकाशित मिति :- २०८०/०८/२५**

यस पुनर्वास नगरपालिका ठेक्का नं. PUN/MUN/078/079-02, PUN/MUN/078/079-010 र PUN/MUN/078/079-011 को सडक कालोपत्रे गर्ने कार्यका लागि तपाई निर्माण व्यवसायी विजन कन्स्ट्रक्सन प्रा.ली, भिमदत्त नगरपालिका-१८, कञ्चनपुर र यस नगरपालिका वीच मिति २०७८/०९/२० र मिति २०७८/१०/०७ सम्झौता अनुसार मिति २०७९/०३/१५ भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको र पछिल्लो पटक तपाईले विभिन्न समयमा पेश गरेको म्याद थप निवेदन तथा समयमै निर्माण कार्य सम्पन्न गर्ने प्रतिवद्धता अनुसार पटक पटक म्याद समेत थप गरिएकोमा तोकिएको समयसिमा भित्र कार्य सम्पन्न गर्न पटक पटक मौखिक, लिखित रुपमा जानकारी गराउदा समेत लामो समयदेखि निर्माण कार्य गराउने तर्फ अग्रसरता नदेखाएको, कार्यप्रगति हासिल नगरेको हुँदा ठेक्का सम्झौता तोडि कालोसूचिमा राख्ने तथा कार्य सम्पादन जमानत धरौटी बापतको रकम जफत गर्नुको साथै ठेक्का तोडिए पश्चात बाँकी काम गर्दा कार्यालयलाई थप हुने दायित्व के कति कारणले असुल गर्नु नपर्ने हो ?, सोको स्पष्ट लिखित प्रमाण सहित स्वयं आधिकारीक प्रतिनिधि यस कार्यालयमा उपस्थित हुन यो सूचना प्रकाशन गरिएको छ । तपाईलाई यस कार्यालयबाट बारम्बार निर्माण कार्य गर्नको लागि पत्राचार गरिएको भएता पनि विभिन्न वाहानामा निर्माण कार्यमा वेवास्ता गरेको, पेश गर्नुपर्ने बाकी कामको कार्ययोजना पेश नगरेको सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र ठेक्का सम्झौता GCC-72 मा भएको व्यवस्था वमोजिम ठेक्का Termination किन नगर्ने ?, तपाईको ठेक्का तोडि GCC-75 बमोजिम कार्य सम्पादन जमानत जफत किन नगर्ने ?, तपाईलाई GCC-74 बमोजिम कालोसूचिमा राख्न सिफारिस किन नगर्ने ?, सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ बमोजिम बाकी निर्माण कार्य (ग) (३) गराउनका लागि लाग्ने थप खर्च बापतको तपाईले व्यहोर्नु पर्ने दायित्व मूल्याङ्कन गरी असुल उपर किन नगर्ने ?, लगायतका कारवाही प्रकृया अगाडि किन नबढाउने ?, तपाईको ठेक्का किन नतोड्ने ? उल्लेखित विषयहरुमा चित्त बुझ्दो लिखित स्पष्टिकरण सहित आधिकारिक प्रतिनिधी वा सम्बन्धित व्यवसायी नै तोकिएको समय सिमा भित्र उपस्थित हुन अन्तिम पटक ७ (सात) दिने ठेक्का तोडी कालोसूचीमा राख्ने प्रयोजनार्थ ठेक्का सम्झौताको शर्त बमोजिम तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (क) (२), ५९ (क) (३), (ख), ५९) तथा दफा ५९ (७) ८ अनुसार यो सूचना प्रकाशन गरिएको छ । उपस्थित नभएमा तथा चित्त बुझ्दो स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम हुने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

मंसिर २९ गते २०८०, शुक्रबार

| | |
|---|---|
| **मेष** | परोपकारमा रूचि बढ्नेछ । |
| **वृष** | अरूले आलोचना पनि गर्न सक्छन् । |
| **मिथुन** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **कर्कट** | आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **सिंह** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **कन्या** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **तुला** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **वृश्चिक** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ । |
| **धनु** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **मकर** | स्वास्थ्यमा गडबडी, दैनिक कामकाजमा असर पर्नसक्छ |
| **कुम्भ** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **मीन** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

मंसिर २९ गते, २०८०, १५ डिसेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.०८ | १३३.६८ |
| युरो | १ को | १४५.६२ | १४६.२७ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.७७ | १६७.५२ |
| स्विस फ्रैन्क | १ को | १५०.५१ | १५१.१९ |
| अस्ट्रेलियन डलर | १ को | ८७.३९ | ८७.७९ |
| क्यानाडियन डलर | १ को | ९७.०८ | ९७.५२ |
| सिंगापुर डलर | १ को | ९९.५५ | १००.०० |
| जापानी येन | १० को | ९.०१ | ९.०५ |
| चिनियाँ युआन | १ को | १८.६५ | १८.७३ |
| साउदी अरब रियाल | १ को | ३५.४८ | ३५.६४ |
| कतारी रियाल | १ को | ३६.५१ | ३६.६७ |
| थाई भाट | १ को | ३.७८ | ३.८० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२३ | ३६.४० |
| मलेसियन रिङ्गेट | १ को | २८.६० | २८.७३ |
| दक्षिण कोरियन वन | १०० को | १०.२९ | १०.३३ |
| स्विडिस क्रोनर | १ को | १२.७६ | १२.८१ |
| डेनिस क्रोनर | १ को | १९.५३ | १९.६२ |
| हङकङ डलर | १ को | १७.०७ | १७.१५ |
| कुवेती दिनार | १ को | ४३२.०५ | ४३४.०० |
| बहराइन दिनार | १ को | ३५३.०१ | ३५४.६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# रुसी सेनामा गएकालाई स्वदेश फर्काउन सरकारको पहल

**काठमाडौं–** नेपाल प्रहरीले एक साताअघि नेपाली युवालाई प्रलोभन देखाएर अवैधरूपमा रुस पठाउने गिरोहका १२ जनालाई काठमाडौंका विभिन्न स्थानबाट नियन्त्रणमा लियो । युक्रेनसँगको युद्धमा होमिएको रुसको राष्ट्रिय सेनामा भर्ती गराइदिने आश्वासन दिँदै उक्त गिरोहले युवासँग ठूलो रकम असुलेको प्रहरीले अनुसन्धानबाट खुलेको छ ।

'भिजिट भिसा'मार्फत नेपालीलाई रुसको सेनामा भर्ना हुन पठाएको आरोपमा उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो । सोही आरोपमा काठमाडौंका सन्तोष रोका र रोजल महर्जन, सिन्धुपाल्चोकका मनिष न्यौपाने, उदयपुरका हरिबहादुर विश्वकर्मा र क्षितिज गिरी, सिराहाका दीपेन परियार, काभ्रेपलाञ्चोकका सुवास लामा, चितवनका गोकर्ण अर्याल, बाराका सन्तोष नेपाल, ओखलढुंगाका सुजता दाहाल, लमजुङका ईश्वर अधिकारी र दाङ द्रोणा डाँगी प्रहरी अनुसन्धानमा छन् ।

उनीहरू नेपाली युवालाई भिजिट भिसामा दुबई तथा नेपालबाट सडकमार्गबाट भारत लगेर त्यहाँबाट रसिया पठाउने काममा संलग्न रहेको प्रहरीले जनाएको छ। उक्त गिरोहले प्रतिव्यक्ति सात लाखदेखि ११ लाख रूपैयाँसम्म असुलेको प्रहरीको अनुसन्धानबाट खुलेको छ । नेपालमा सक्रिय गिरोहलाई रुसमा बस्ने नेपाली नागरिक शोभराज र अनुपले सहयोग गरेको भेटिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता तथा प्रहरी उपरीक्षक कुमोद ढुंगेल बताउँछन् ।

प्रहरीले रुसी सेनामा भर्ना गर्न भन्दै अन्तर्वार्ता सञ्चालन गर्ने केही शैक्षिक परामर्शदाता (कन्सल्टेन्सी) सञ्चालकलाई पनि नियन्त्रणमा लिएको छ । परम्परागतरूपमा रहेको सम्झौतअन्तर्गत केही मित्रराष्ट्रको राष्ट्रिय सेनामा नेपाली नागरिक भर्ना हुँदै आएकोमा बाहेक अन्य विदेशी सेनामा नेपाली नागरिक भर्ना हुन अनुमति दिने सरकारको नीति नरहेको सरकारले यसअघि नै स्पष्ट पारिसकेको छ ।

सरकारले नेपाली नागरिकलाई रुसी सेनामा भर्ना नगर्न र कुनै पनि नेपाली नागरिकलाई भर्ना गरेको भए त्यस्ता नागरिकलाई तत्काल नेपाल फर्काउन रुसी सरकारलाई अनुरोध गरिसकेको प्रधानमन्त्री पुष्पकमल दाहालका प्रेस सल्लाहकार गोविन्द आचार्य बताउँछन् । सरकारले रुसी सेनामा भर्ना भई हाल युक्रेनमा बन्दी अवस्थामा रहेका नेपालीलाई स्वदेश फिर्ता गर्ने सम्बन्धमासमेत कूटनीतिक पहल गरिरहेको छ ।

'नेपाली युवालाई प्रलोभनमा पारी रुस पुऱ्याउने गिरोहको खोजीमा सरकार लागेको छ, केही पक्राउ परेका छन्,' उनले भने, 'सरकारले सार्वजनिकरूपमा नै युवालाई रुसी सेनामा भर्ना नहुन आग्रह गरिरहेको छ, सरकारी कामकाज, रुसको छात्रवृत्ति तथा पेसा व्यवसायमा संलग्न भएकाबाहेक अन्यलाई रुस जान रोकिएको छ ।'

सरकारले कसैको प्रलोभनमा नपरी, युद्धरत मुलुकको सेनामा भर्ना नहुन सार्वजनिक रूपमा आह्वान गरिरहेको छ। प्रधानमन्त्री पुष्पकमल दाहालले काठमाडौं विश्वविद्यालयको २९औं दीक्षान्त समारोहमा रुसी सेनामा भर्ना भएका नेपालीलाई स्वदेश फर्काउन सरकारले प्रयास गरिरहेको बताएका थिए ।

'अहिले विभिन्न बाध्यताका कारण २०० भन्दा बढी नेपाली युवा रुसी सेनामा भर्ना भएको जुन खबर आएको छ, त्यो चिन्ताजनक छ,' उनले भनेका थिए, 'सरकार तिनलाई सकुशल फिर्ता ल्याउन हरसम्भव प्रयास गरिरहेको छ ।' प्रधानमन्त्री दाहालले नेपालमै शिक्षा र रोजगारीका प्रशस्त अवसर रहेको उल्लेख गर्दै युवालाई स्वदेशमा नै श्रम र पसिना बगाउन अपिल गरेका छन् ।

'नेपालमा अवसर छैन भन्ने जुन भाष्य निर्माण भएको छ, त्यसको परिणामस्वरूप नेपाली युवा विदेशमा अनेक हन्डर खाइरहेका छन् । म उनीहरूलाई यही मञ्चबाट आश्वस्त पार्न चाहन्छु कि अहिले नेपालमै प्रशस्त शिक्षा तथा रोजगारीका अवसर छन् र तिनको उचित व्यवस्थापन गर्न सके व्यक्तिगत जीवनको मात्र नभएर देशहितको पनि काम गर्न सकिन्छ,' प्रधानमन्त्री दाहालले भनेका थिए ।

सरकारले सरकारी कामकाज, रुसी सरकारको छात्रवृत्ति तथा पेसा व्यवसायमा संलग्न भएकाबाहेक अन्य सर्वसाधारण नागरिकलाई रुस यात्रा गर्नुपरेमा कन्सुलर सेवा विभागबाट 'नो अब्जेक्सन लेटर' लिएर मात्रै यात्रा गर्न सरकारले सबैमा अपिलसमेत गरेको छ ।

हालसम्म रुसी सेनामा भर्ती भएका छ जना नेपालीको मृत्यु भएको पुष्टि भएको परराष्ट्र मन्त्रालयले जनाएको छ। गोरखाका सन्दीप थपलिया, कपिलवस्तुका रूपक कार्की, पोखराका देवान राई, स्याङजाका पितम कार्की, दोलखाका राजकुमार रोका र इलामका गंगाराज मोक्तानको मृत्यु भइसकेको छ । अझै केही नेपाली युवा रुसी सेनामा संलग्न रहेको भन्ने सूचना प्राप्त भएको सरकारी अधिकारीको भनाइ छ ।

सरकारले दुई मुलुकबीच सम्झौता भएर अध्ययनका लागि छात्रवृत्तिमा जानेबाहेकका सम्पूर्णलाई रुस जान रोक लगाएको छ । नेपालीहरू रोजगारी, अध्ययन, व्यवसाय तथा भ्रमणका लागि रुस जाँदै आएका छन् । नेपाली युवालाई आकर्षक रोजगारीको प्रलोभन देखाएर केही गिरोह अवैध रूपमा रुस लैजाने काममा सक्रिय रहेको प्रहरीले जनाएको छ । *रासस*


## तु-आवश्यकता

यस कम्पनीका लागि कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरूबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क नर्गुहुन अनुरोध गरिन्छ ।

**पब्लिक रिलेसन अफिसर (PRO) १ महिला**

**नोट:** साउदीमा कम्तिमा २ (दुई) वर्ष काम गरेको र सम्बन्धित क्षेत्रमा ज्ञान भएकालाई विषेश प्रथामिकता सहित आकर्षक तलब सुविधा

TARGET Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977-015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०८/२९ गते)

श्रीमान सिद्धि रत्न बज्राचार्य/पञ्च कुमारी बज्राचार्यको छोरी काठमाडौं जिल्ला, काठमाडौं म.न.पा वडा नं. २३ स्थायी ठेगाना भई बस्ने शान्ती देवी बज्राचार्यको मिति २०७९/१२/०६ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको न्यूरोड पाको शाखामा रहेको बचत खाता नं. १७०००६५९३९९००००१ र सामाजिक सुरक्षा भत्ता खाता नं. १७०००६५९३९९००००२ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको भाई ज्ञानी राजा बज्राचार्यले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय न्यूरोड पाको, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय न्यूरोड पाको फोन नं. ०१-५३२१९१२/५३२१९१५**

## कार्यक्रम परिवर्तन गर्ने सम्बन्धमा दाबी विरोध गर्ने सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०८/२५) (दोश्रो पटक प्रकाशित मितिः २०८०/०८/२७)
(तेश्रो पटक प्रकाशित मितिः २०८०/०८/२९)

मिति २०८०/०८/२० को सञ्चालक समितिको निर्णय बमोजिम एलबिईएफ विद्यापिठ प्रा.लि. (प्रा.लि. नं. २७१०६/०६०/०६१) अन्तर्गत सञ्चालित संस्था, लर्ड बुद्ध एजुकेशन फाउण्डेशनमा हाल संचालनमा रहेका BA (Hons) Business Management (BBM) कार्यक्रमको सट्टामा B. Sc. (Hons.) Computer Science को कार्यक्रम सञ्चालन गरिने निर्णय भइ सोही अनुसारको प्रक्रिया अगाडि बढेकाले त्यसमा कसैको दाबी विरोध भएमा कार्यालय समय भित्र कम्पनीको कार्यालयमा वा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, उच्च शिक्षा शाखामा यो सूचना प्रथम पटक प्रकाशित मितिले ३५ दिनभित्र सम्पर्क गरी निवेदन दिनुहुन यसै सूचना साथ अनुरोध गरिन्छ ।

**एल् बि ई एफ् विद्यापिठ प्रा.लि.**
का.म.न.पा.-३०, मैतिदेवी, काठमाडौं, फोन नं.: ०१ ४४११८०५, ४४२४४३१


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTEGRATED FORMWAY SDN BHD
पूर्व स्वीकृति मिति : २०८०/०८/२७ | LT. No. 296462 | चलानी नं.६०२११५२१

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ६ गते (22nd Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60
**SUHASHA LINK PVT. LTD.**
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4382668, 4362338, Fax: 01-4362338



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Barakah Kuwait General Trading & Contracting Co ( CROWNE PLAZA /HOLIDAY INN HOTEL )
पूर्व स्वीकृति मिति २०७८/११/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२८ | LT. No. 258687 | चलानी नं. ६०१७५११९

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: KD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commis I | 5 | 5 | 140 | ६०,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commis II | 5 | 10 | 120 | ५१,५०० | | | | | | | |
| 3 | Housekeping Attendan | 7 | 4 | 100 | ४२,९१५ | | | | | | | |
| 4 | Kitchen Steward. | 11 | 0 | 100 | ४२,९१५ | | | | | | | |
| 5 | Laundry Attendant | 10 | 5 | 100 | ४२,९१५ | | | | | | | |
| 6 | Receptionist / Gsa | 5 | 5 | 200 | ८६,७९० | | | | | | | |
| 7 | Waiter/waitress | 5 | 6 | 120 | ५१,५०० | | | | | | | |

कम्पनी : GRAND HOTEL KUWAIT
पूर्व स्वीकृति मिति : २०८०/०६/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२८ | LT. No. 293930 | चलानी नं.६०२०९०६५

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: KD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 1 | 1 | 180 | ७७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commi Chef | 1 | 1 | 140 | ६०,०८५ | | | | | | | |
| 3 | Hk Attendant / Cleaner | 4 | 2 | 100 | ४२,९१५ | | | | | | | |
| 4 | Receptionist / Clerk | 1 | 1 | 150 | ७४,३७५ | | | | | | | |
| 5 | Reservation Supervisor | 2 | 0 | 150 | ७४,३७५ | | | | | | | |
| 6 | Steward / Kitchen Tool Cleaner | 6 | 0 | 100 | ४२,९१५ | | | | | | | |
| 7 | Waiter/waitress | 4 | 2 | 120 | ५१,५०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ६ गते (22nd Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०
**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ENJAZ PEST CONTROL AND BUILDING CLEANING LLC
पूर्व स्वीकृति मिति : २०८०/०८/२७ | LT. No. 296376 | चलानी नं. ६०२११५२९

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 2 | 1 | 1200 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sales Officer | 0 | 1 | 1200 | ४३,११५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ६ गते (22nd Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605


## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०७/२१ गते तारकेश्वर न.पा फुटुङ संगम फाँटमा पार्किङ गरिराखेको अवस्थामा 220 cc Pulsar कालो, निलो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**धनीको नाम :** लक्ष्मण खनाल क्षेत्री
**बाइक नं.:** बा.प्र.०२-०४२ प ६४०७
**च्यासिस नं.:** MD2A13EX4MCJ98881
**इन्जिन नं. :** DKXCMJ 33165
**ठेगाना:** पञ्चकन्या-३, नुवाकोट
**सम्पर्क:** ९८४१२९४४४५

## पुनर्वास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
पुनर्वास, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८०/०८/२२)*

यस कार्यालयबाट मिति २०८०/०७/१४ गते PPMO मा प्रथम पटक (e-Bid) मार्फत बोलपत्र आव्ह्वान सम्बन्धी सूचना अनुसार रितपुर्वक पेश भएका बोलपत्रहरु मध्ये तपसिलका बोलपत्रदाताले पेश गरेको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :-**

| ठेक्का नं. | बोलपत्रदाताको नाम | आयोजनाको नाम | बोलपत्रदाताले कबोल गरेको रकम (मु.अ.कर र पि.एस.) बाहेक |
|---|---|---|---|
| PUN/MUN/ 080/81-05 | श्री मैटुप निर्माण सेवा पुनर्वास-०३,कंचनपुर | Black Top Road Construction Raju Gurung House to Mani Khadka House, Prem Bogati House to Ramjanaki Tole, Roshan Chowk to Siddhadevi Mandir Punarbas Municipality-11, Kanchanpur. | १८,८७,३२०.००/- |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

## भीमदत्त नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्विकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८०/०८/२९)

प्रस्तुत विषय सम्वन्धमा यस कार्यालयको मिति २०८०/०७/२४ गते प्रकाशित बोलपत्र सूचनाअनुसार तपसिल बमोजिका बोलपत्र सारभुतरूपमा प्रभावग्राही भई नगरपालिकाको बोलपत्र मूल्याङन समितिको मिति २०८०।०८।२७ गतेको वैठकको निर्णयबाट स्विकृतिकालागि छनौट भई सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ (१) प्रयोजनकालागि सम्बन्धित सबैका जानकारीकालागि ७ दिने सूचना प्रकासित गरिएको छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सबै बोलपत्रदाताहरूलाई समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशिल**

| ठेक्का नं. | ठेक्का विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|
| 12-JG-2080-081 | Supply and Delivery of Stationary & Miscellanious goods | रिमाल इन्टरप्राइजेज, वानेश्वर, काठमाडौं, नेपाल | रु.१४,३०,४४०।०० |

**प्रमुख प्रशासकिय अधिकृत**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# स्वदेशमा रोजगारी खै ?

राजनीतिक दलहरूको चुनावी एजेण्डामा पर्ने मुख्य वाचा हो- स्वदेशमै रोजगारी । तर दिनहुँ विदेशिने युवाको लर्को त्रिभुवन अन्तरर्राष्ट्रिय विमानस्थलमा देखेपछि राजनीतिक दललाई यो प्रश्न सोधिरहनै परेन । नयाँ दलले विदेशबाट स्वदेश फर्काउन 'फ्रि भिसा, फ्रि टिकट' को व्यवस्था गरेको प्रचार गरे पनि उक्त विज्ञापनको पछि चासो कसैको देखिन्न । युवाहरूकै चाहना हुन्छ, देश खाएर शेष हुने ।

त्यसैले औपचारिक मागको लाइनले पनि नधानेर नेपाली युवाहरू सेटिङमै अवैधानिक रूपमा वैदेशिक रोजगारीमा जान बाध्य छन् । युरोप, अमेरिका र रुसमामात्र हैन खाडीमा सेटिङ गरेर 'भिजिट भिसा'मा विदेश जान मरिहत्ते गर्छन् । यसमा अध्यागमन विभागका कर्मचारीको संलग्नता खुलेको छ । अरु दलालहरू पनि पक्राउ परेका छन् । तर यसको मुख्य योजनाकार सरकार हो, जो जनतालाई झूठो वाचा दिएर चुनावमा दिएर सत्तामा पुगेको छ ।

न त स्वदेशमा रोजगारी, न त कोटामा विदेश जान पाउने ? त्यसपछि पेट पाल्न विदेश जाने बाटो त बनाउनैपऱ्यो । पारिवारिक अवस्था, देशको व्यवस्था यस्तैयस्तै तनावपूर्ण परिस्थितिका कारण युवा आफैं सेटिङ गरी भिजिट भिसामा विदेश पलायन हुन बाध्य हुन्छन् । यसमा युवाका आफ्नै टन्टा र झन्झट् होलान् तर यो राज्यले सिर्जना गरेको समस्या हो ।

देशमै बसुँबसुँ हुने खालको वातावरण बनाउनुको साटो सबै जनतालाई नेता बनाउने कारखानाझैं बनेको नेपालमा बसेर के गर्ने ? सेटिङमा विदेश पठाइदिने दुई-चार जनालाई पक्रेर के गर्ने ? नेता, माफिया र काला बजारिया मिलेर सेटिङ गरेर देशलाई भ्रष्टाचार र तस्करीको स्वर्ग बनाइसकेको छ । सरकारी सेवा दिनानुदिन कमजोर हुँदै गइरहेको छ । मन्त्रीहरूको 'पर्फमेन्स' यति कमजोर साबित भइसकेको छ कि, कोही मन्त्रीहरू काम नपाएर न्यायो कपडा वितरण गर्न जिल्ला-जिल्लामा प्रमुख अतिथि बन्न हेलिकप्टर चढेर पुग्छन् । कोही मन्त्रीहरू ब्युटी पार्लर उद्घाटन गर्न पुग्छन् । अर्थतन्त्रको अवस्था ओरालो लाग्दा पनि मन्त्रीहरूको विदेश शयर अचम्मलाग्दो गरी बढेको छ । पछिल्लो मन्त्रीमण्डलका सदस्यहरूले विभिन्न बाहानामा दुई दर्जनभन्दा बढी देश घुमिसकेका छछन् । नेपालमा जुनसुकै प्रधानमन्त्री भए पनि अमेरिका, चीन र भारत भ्रमण गरे सफल कार्यकाल मानिन्छ । उनको कार्यकालमा पुल, सडक बनेको विषयलाई खासै महत्त्व दिइँदैन । रोजगारी सिर्जनामा खोक्रा भाषणबाहेक अरु सिन्को भाँचिएको पाइन्न । यस्तै अवस्थाका कारण आज हरेक युवा गैरकानुनीरूपमै भए पनि देश छाड्न चाहन्छन् । उनीहरूलाई देशमै बसाउने वातावरण कहिले बनाउने ?

## मनन्योग्य

### चाणक्य नीति

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा हाँस्नु स्वाभाविक हो महात्मा !'

'होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन । शोक अर्काका लागि उपहास बन्छ, हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा) जस्तै कठोर तिमीले बन्नुपर्छ ।'

'म तिमीलाई भोलि मगधको राजासिंहासनमा आसीन गराउन चाहन्छु, राज्यको रक्षाका लागि हृदय, बुद्धि र हातहरूमा बल ल्याउनुपर्छ ।'

'हेर राजाले सर्पसँग खेल्नुपर्छ । राजधर्म अत्यन्तै कठोर धर्म हो, राजाले मृत्युपछिमात्र कीर्ति पाउँछ । जो राजर्षि बनी देशको सेवा गर्छ गिद्धको जस्तो दृष्टि, सिंहको जस्तो साहस, इन्द्रियमा अनुशासन, रहस्य लुकाउने क्षमताजस्ता गुणहरू आफूमा सुरक्षित राख्नु आवश्यक पर्छ । राजाले बूढापाकासँगको सम्पर्कले आफ्नो आँखा खोल्न सक्नुपर्छ । आज राति तिमी सुत्नेछैनौ बिहानसम्म मेरा अर्थशास्त्रबाट राज्यव्यवहारको पाठ तिमीले सिक्नुपर्दछ ।'

एउटा अर्को कुरामा अरु ध्यान देऊ, राज्य पाउनु त्यति कठिन होइन जति त्यसको सुरक्षा गर्नु । राज-रस महजस्तो गुलियो र स्वादिलो हुँदैन विषपान गर्नु बराबर हो । जुन शासकले विषपान गरी अमृत ओकल्दछ( छाड्दछ) त्यही राजाले राज्यको सञ्चालन राम्ररी गर्न सक्छ ।

चाणक्य र चन्द्रगुप्तको बीच गोप्य कुरा भइरहेथ्यो । यत्तिकैमा कसैको आउने सूचनाको घन्टी बज्यो । चाणक्य सतर्क भए । विशेष यन्त्रले प्रमुख प्रहरीसँग आउन लागेको मानिसको रहेछ सोधे । प्रहरीले कुनै सिकारी आफ्नो नाउँ वनराज भन्ने बताउँछ भन्यो । पानी खतराबाट माथि छ, चाणक्यले सम्मानसहित लिएर आऊ भनी अह्राए । आउने व्यक्ति चाणक्यद्धारा प्रमुख गुप्तचर त्रिनेत्र थिए ।

षडयन्त्रको जाली बनाउने कहिलेकाही आफै जालोमा फस्न पुग्दछ भनेझैं यहाँ पनि त्यस्तै नै भयो । राजवैद्यले आफ्नो प्यालाबाट चन्द्रगुप्तलाई औषधिको सट्टा विष पिलाउन लाग्दा ... त्यसैबखत 'रोक ...' आवाज सुनियो ।

**क्रमशः**

# मिथिला कलाको प्रतीकात्मक अर्थबोध



▶▶ हिमांशु चौधरी

मिथिला चित्रकलामा जानेर-नजानेर धार्मिक आस्थाका आधारमा वैज्ञानिक तथ्य पनि पर्याप्त छन् । देवीदेवता, सूर्य, चन्द्र, तारा, नवग्रह, पृथ्वी, सर्प, जलाशय, माछा, बिच्छी आदिको धार्मिक महत्वसँगै वातावरणसँगसमेत सम्बन्धित छ । तिनीहरूको चित्र बनाएर पूजा गर्नु धार्मिक मान्यताअनुसार डरबाट मुक्ति र सुरक्षित रहनु पनि मानिन्छ । यसरी हजारौं वर्षदेखि मैथिल जनजीवनमा प्रतीक विधानद्वारा छाप छोड्दै आइरहेको मिथिला चित्रकलाका यी विशिष्ट चित्र शैलीहरु पनि आफ्नो रहस्यमयता र तान्त्रिक अर्थबोधका लागि निरन्तर अध्ययन शोधको विषयका रुपमा स्थापित भइसकेकाले यसलाई पाठ्यक्रममा राखी जीवन्त राख्नु पर्दछ ।

मिथिला चित्रकलामा प्रतीकहरूको प्रयोगले मिथिलाको सम्पूर्ण सांस्कृतिक जीवन परिलक्षित भएको पाइन्छ । मैथिलहरूले हजारौं वर्ष पहिलेबाट उत्सवका लागि चित्रकलालाई विकसित पारेको देखिन्छ । चित्रहरू तान्त्रिक प्रतीकहरूले परिपूर्ण रही जीवनको तान्त्रिक विचारधाराको प्रतिनिधित्व गरिरहेका छन् । कोहवर, अरिपन र पौराणिक कथामा आधारित दृश्य मिथिला चित्रकलामा जनप्रिय रहेका छन् । अरिपनको पदचिह्नले सूर्य, चन्द्र तथा पृथ्वीको आत्माको रूप पाइन्छ । सिन्दुरको रातो बिन्दुले प्रकृतिको शक्ति रूपलाई बोध गराउँछ । कोहवरमा वासनात्मक मुद्रा, अरिपनमा शास्त्रोक्त क्रिया पद्धति एवं घरेलु धार्मिक उत्सवहरूका लागि पवित्र ठाउँको प्रतिनिधित्व पनि गरिरहेको छ ।

चित्रहरू पुरातन शैलीको भएता पनि स्पष्टरूपले भाव र प्रतीकमा श्रेष्ठ छन् । चित्रमा मुख सधैं पार्श्व दृश्यमा हुन्छन् भने आँखा अगाडिबाट देखिने हुन्छन् । खुट्टाहरू तिर्यक, लामा चुच्चे नाक र ठूला आँखा भएका अनुहारले मंगोलियन प्रभाव निर्मित नदेखाई आर्य सन्ततिको बोध गराउनु यसको उत्कृष्टता मानिन्छ । आजभोलि पनि मिथिलाका नारीहरू कुनै धार्मिक काम र उत्सवमा आफ्ना घर, भित्ता एवं आँगन चित्रहरू बनाउँछन्, बनाइएका चित्रहरू प्राचीन र मध्यकालीन चित्रहरूको जस्तै साधारण हुन्छन् तथा तत्कालीन समयको मिथिलाको पुरातन परम्परालाई जीवितरूपमा देखाउँछन् । मूलरूपमा यो कला नारी वर्गसँग सम्बद्ध छ । यो आश्चर्य तर सत्य हो कि पुरूष वर्गले अपवादका रूपमा नै कला साधनामा भाग लिएका छन् ।

मिथिलाको संस्कृति लोक वैदिक संस्कृति हो । यसको कला परम्परा लोक वैदिक संस्कृतिकै उपज हो, चित्रकला पुस्ताले आर्जित गरेको सम्पत्ति हो र युगानुरूप नयाँ आयाम थपिँदै गएका छन् । विषयवस्तु, रंगमा परिवर्तन आए पनि मौलिक संस्कार र प्रवृत्ति अझ पनि त्यसै रूपमा सुरक्षित छ । यस कलाको सांस्कृतिक महत्त्वसहितको इतिहास हर्षवर्द्धन (सन् ६०३-६४३ ) को समयमा रचित हर्षचरित र नैषद्ध चरित ग्रन्थहरूमा उल्लेखित ग्रहवर्मनको कोहवर भित्ति चित्रमा देवता र कामदेवको चित्र तथा अरिपनहरूको चर्चा पाइन्छ ।

कालिदासको महाकाव्य मेघदूतमा पनि काव्यका चरित्र नायक नवविवाहित यक्षको कोहवर घरको प्रवेशद्वारको भित्तिमा कमल शंखका चित्र बनाएको उल्लेख छ । त्यतिखेर विवाहका लागि वरवधुको वरण गरेअनुसार वरको अनुपस्थितिमा वरको प्रतीक फलक (काठ/हाती दाँत) बनाएर पडाउने वा मगाएर हेर्ने र यज्ञ वरको चित्र राखेर विवाह गर्ने प्रचलन रहेको पनि तत्कालीन साहित्यमा चर्चा भएको पाइन्छ । यस कलाको प्रशंसात्मक चर्चा चौधौं शताब्दीका विद्वान त्योतिरीश्वरले पनि वर्ण रत्नाकर नामक पुस्तकमा गरेका छन् तर यसको परम्परालाई हेर्ने हो भने अझ प्राचीन कालको हिन्दू सभ्यता र संस्कृतिको स्वर्णिम युगको इतिहासका पानालाई पल्टाउनुपर्ला जस्तो लाग्छ ।

डा. उपेन्द्र ठाकुरको 'हिस्ट्री अफ मिथिला' पुस्तकमा भगवान रामचन्द्रको विवाहमा पनि राजा जनकको दरबारमा भित्तीचित्रहरू बनाइएको उल्लेख छ । मिथिला चित्रकलामा सेतो रंग अर्बा चामलको पीठो, सिन्दूरी रङ सिन्दूर र बाख्रीको दूधको मिश्रण, नीलो रङ वनस्पति नील, रातो रङ कुसुम फूल, पीत रङ डोका, घोंघाबाट चूनामा वरगदको दूध मिश्रण, हरियो रङ सिमी वा बेलको पात र कालो रङ जौका खरानी र गाईको गोबर वा बेलको गुँदको मिश्रणको चलन रहेकोमा वर्तमानमा रासायनिक रङले प्रश्रय पाएको छ ।

प्राकृतिक रङहरूमा स्थायित्व हुन्छ भने रसायनिक रङमा स्थायित्वको अभाव देखिएको छ । प्राकृतिक रङहरू घरैमा बनाउने चलन थियो । यसका विषयवस्तुहरूमा मुख्यतया: लौकिक, पारलौकिक र प्रतीकात्मक पक्षहरूलाई समेटिएको पाइन्छ । लौकिक विषयवस्तुअन्तर्गत धार्मिक, सांस्कृतिक र काल्पनिक विषयवस्तुमा प्राकृतिक दृश्यहरू नदी, पहाड, बगैंचा, लहरा, कदम, कटहर, चरा, मांगलिक वस्तुहरूका साथै सजावटका विभिन्न चित्रहरू र पारलौकिकमा देवीदेवताका सुन्दर चित्रहरू पर्दछन् । प्रस्तुत शिव, विष्णु, लक्ष्मी, सरस्वती, रामसीता, राधाकृष्णका चित्रमा मानवीय भाव, स्नेह एवं ममताको प्रतीकात्मक अभिव्यक्तिको बोध गराउँछ ।

त्यस्तै प्रतीकात्मक विषयअन्तर्गत विभिन्न वनस्पति, प्राणीलगायत चराचुरूंगीको बाहुल्यता पाइन्छ । धार्मिक अनुष्ठान र लोकाचारमा आधारित यो प्रतीकात्मक परम्परा मैथिल संस्कृतिको एउटा यस्तो शिल्प हो जो मैथिलहरूको जीवनशैलीमा यसको दखल नङ-मासुजस्तो देखिन्छ । चित्र तथा मूर्ति बनाइएको घर शून्य हुँदैन भन्ने प्रचीन मान्यताका आधारमा चित्रका अलंकारिक अंशका गुणग्राहक तत्त्वलाई महत्त्व दिएर त्यसलाई आफ्नो संस्कृतिको आत्माका रूपमा चीरस्थायी बनाएको पाइन्छ । मैथिल संस्कृतिमा विवाहको चतुर्थीको विधि नहुञ्जेलसम्मको भित्ते चित्र पनि रंगाउने गरिन्छ । यसमा केटाकेटी र घोडाको चित्रद्वारा प्रतीकात्मक रूपमा यौनशिक्षा प्रदान गर्ने जमर्को गरिएको हुन्छ । कोहबर घरका चित्रहरू प्रतीकात्मक अर्थमा सम्पूर्ण जविनचक्रको कथा नै हो ।

मिथिला लोक चित्रकलाले वंशगत शिल्पगत



*तस्बिर सौजन्य: विकिपिडिया*

यो कला जीवनको अभिन्न अंग हो । यस कलामा समान्यतः सात किसिमको रङको प्रयोग देखिन्छ । प्राकृतिक र घरेलु उपकरणबाट तयार गरिएको रङले भिन्दाभिन्दै वस्तुहरूको भावलाई उजिल्याउने गरेको छ जो पुस्तौं पुस्तादेखि आमसमुदायमा स्थापित हुँदै आएको छ । पूजाआजा, चाडपर्व अन्य संस्कारहरू उपनयन, विवाह जस्ता अवसरमा कुन-कुन प्रतीकको प्रयोग गर्नेबारे एउटा परम्परा नै बसेको पाइन्छ । मिथिला चित्रकलामा लौकिकअन्तर्गत जीवन र प्रकृतिलाई आधार बनाई वस्तुसत्तात्मक र धारणात्मक प्रतीक परिलक्षित हुने गरेको छ ।

मिथिला चित्रकलामा प्रतीक संयोजन अत्यन्त कलात्मकरूपमा गरिएको पाइन्छ । कलामा संयोजन गरिएका हात्तीलाई शुभ, वैभव र नारी जातिको प्रतीकका रूपमा मानिएको छ भने घोडालाई सूर्य, बल र पुरूष जाति, गाईलाई पवित्रता र मातृत्वका प्रतीक मानिएको छ । त्यस्तै सुगालाई गुरू र मित्रता, माछालाई उत्पादनशक्ति र नारी जातिको प्रतीक मानिएको पाइन्छ । अन्य जीवजन्तुमा कछुवालाई विष्णु, पुरुष वर्ग र दीर्घायु, हाँसलाई सौन्दर्य तथा संसारका कठिनाइ पार गर्दै जाने र ज्ञानका प्रतीक मानिएको छ भने युगल जोडी हाँसलाई प्रणय र सुखद् दाम्पत्य जीवनको संकेतका रूपमा लिइएको छ ।

कला मानव संस्कृतिको उपज भएकाले कला र संस्कृतिमा लोककलाको अनौठो संयोजन पाइन्छ । मिथिला चित्रकलामा मयुरलाई नृत्य, सौन्दर्य एवं प्रेमको निवेदक र अनारलाई सौन्दर्यको प्रतीक मानिन्छ । त्यस्तै कदमको फूललाई प्रेमको र कमल फूललाई कोमलता, अनुराग, सौन्दर्य, नारीको शरीरका साथै लक्ष्मीको संकेत प्रदान गरी वैभवलाई औंल्याएको हुन्छ । त्यस्तै बाँसलाई वंश वृद्धि र पुरूष जातिको प्रतीकका रूपमा मानी चित्रहरूमा अंकित गरिएको पाइन्छ ।

सरसता, समरसता एवं संवेदनशीलतासहितको तथ्यअन्तर्गत संसार स्वर्गीय र मानवीय कुराको गठबन्धनजस्तो हो भन्ने भावभूमिमा प्रतीकात्मतालाई आत्मसात् गर्दै समाजलाई एक सूत्रमा आबद्ध गर्ने द्योतकसमेत मानिएको छ । मैथिल महिला जुन हातले चित्र बनाउँछन् तिनीहरू तिनै हातले भित्तामा उस्तै कलाकृतिको पनि सिर्जना गर्दछन् । तिनै हातले सिकी, मोथी, मुञ्ज आदिका अनेक शिल्पी सामग्री पनि रंगीन चित्रावली समान रचना गर्दछन् । ती कलाहरूमा जीवन, प्रकृति र कल्पनालाई विषय वस्तुगतरूपमा संयोजित गर्दा कसैकसैले प्रकृतिको निरीक्षण गर्ने चेष्टा गरेका हुन्छन् भने कसैले जीवनको गतिशीलता र कसैले काल्पनिक भावनालाई गीतात्मक रूपमा संप्रेषण गर्न खोजेको पाइन्छ ।

मिथिला चित्रकलामा जानेर-नजानेर धार्मिक आस्थाका आधारमा वैज्ञानिक तथ्य पनि पर्याप्त छन् । देवीदेवता, सूर्य, चन्द्र, तारा, नवग्रह, पृथ्वी, सर्प, जलाशय, माछा, बिच्छी आदिको धार्मिक महत्त्वसँगै वातावरणसँगसमेत सम्बन्धित छ । तिनीहरूको चित्र बनाएर पूजा गर्नु धार्मिक मान्यताअनुसार डरबाट मुक्ति र सुरक्षित रहनु पनि मानिन्छ । भित्ती र भूमिबाट कागत र कपडामा नियमित प्रयोजनमा सीमित मिथिला चित्रकला विश्वका सामुन्ने कला पारखी र प्रेमीलाई आनन्द दिन पनि सफल तथा लोकप्रिय भएको छ । मिथिला चित्रकलाले विदेशी कलाप्रेमीका पर्व र समारोहमा शुभकामना आदान प्रदान गरी जित्न सफल भएको पनि देखिन्छ । यसरी हजारौं वर्षदेखि मैथिल जनजीवनमा प्रतीक विधानद्वारा छाप छोड्दै आइरहेको मिथिला चित्रकलाका यी विशिष्ट चित्र शैलीहरू पनि आफ्नो रहस्यमयता र तान्त्रिक अर्थबोधका लागि निरन्तर अध्ययन शोधको विषयका रूपमा स्थापित भइसकेकाले यसलाई पाठ्यक्रममा राखी जीवन्त राख्नु पर्दछ । *रासस*

## पत्र-मञ्जुषा

# किन सुस्ताए मेयर बालेन ?

केही समय अत्यधिक चर्चामा आएका काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र (बालेन) शाह पछिल्लो समय सुस्ताएका छन् । 'बालेन कहाँ हराए ?' भनेर जनतामाझ बहस चलेको छ । बाटोमा डोजर देख्नेबित्तिकै जनतालाई 'बालेनको डोजर' याद आउँथ्यो । तर, अहिले उनको डोजर कहाँ छ ? केही अत्तोपत्तो छैन । डोजर बिग्रियो कि बालेनले जानाजान लगेर ग्यारेजमा थन्काए ? यतिखेर बहसको विषय बनेको छ ।

बालेन 'एक्सन' मा उत्रिएपछि गलत काम गर्नेहरूको रातको निद्रा हराइसकेको थियो । सरकारी, सार्वजनिक र गुठीको जग्गा मिचेर घर बनाउनेहरूलाई बालेनकै त्रास थियो । कुन दिन डोजरले आफ्नो घर भत्काइदिने हो भनेर धेरैजसो चिन्तित थिए । अण्डरग्राउण्डमा मापदण्डविपरीत पसल सञ्चालन गर्नेहरूको पनि दिनको चैन हराइसकेको थियो । त्यस्तै, बाटो मिचेर अनधिकृत संरचना निर्माण गर्नेहरूको पनि होस उडेको थियो ।

बालेनको काम देखेर काठमाडौंबासी मात्र नभई देशभरका जनतामा उनको 'क्रेज' चलेको थियो । उनले सबैतिर एक किसिमको छाप नै बनाएका थिए । एकथरीले बालेनलाई पृथ्वीनारायण शाहको नाम दिएका थिए अर्कोथरीले बालेनलाई सुरक्षाको खाँचो छ भन्थे । चिया पसल, सार्वजनिक स्थान, चौताराहरूमा बालेनकै नाम सुनिन्थ्यो । माफियाहरूले बालेनलाई मार्छन् भन्नेहरू पनि भेटिन्थे ।

कोही भन्थे, बालेनलाई नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालभन्दा धेरै सुरक्षा व्यवस्था मिलाउनुपर्छ । जे होस्, हरेक जनताको मुखमा एउटै नाम थियो, बालेन । तर, केही समययता बालेनले आफ्नो कदम पछाडि हटाएका छन् । बालेनको नाम विस्तारै हराउँदै गइरहेको छ । योसँगै जनताले दुईथरीका अड्कलबाजी लगाउन थालेका छन्- कि राजनीतिक दलको दबाबमा उनले काम रोकेको हुनुपर्छ, कि त उनी चौतर्फी घेराबन्दीमा परेको हुनुपर्छ ।

बालेनको काम सुस्ताउँदाखेरि देशभरकै जनता पीरमा परेका छन् । कसैसँग नडराउने मेयर यतिखेर किन सेलाए ? चासोको विषय बनेको छ । काम नगर्ने नेताहरू अघिपछि सयौं सुरक्षाकर्मी छन् । उनीहरू सुरक्षाकर्मीको घेराबन्दीभित्र हिँड्छन् । तर, बालेनको हकमा त्यस्तो छैन । उनको साथमा सुरक्षाकर्मी होइन, देशभरका जनता छन् । जनता नै साथमा भएपछि किन डराउने ?

बालेनको काम देखेर काठमाडौंका जनताको शिर उठेको छ । वर्षौंदेखि उठाउन नसकेको राजस्व बालेनले उठाएरै देखाए । राजस्व छल्नेहरूलाई करको दायरामा ल्याए । दर्ता नगरी व्यवसाय सञ्चालन गर्नेलाई अनिवार्य दर्ता गर्न लगाए । फुटपाथ हटाएर पैदलयात्रीलाई सहज बनाइदिए । अतिक्रमण गरेका जग्गाहरू खोजतलास गर्न पनि उनी तात्तिए ।

टुकुचा खोला खोज्ने काम पनि सुरु भएको थियो । तर, अदालत र पुरातत्त्व विभागले रोकतोक लगायो । केही काम गर्न खोज्नेबित्तिकै माफियाको टोली अदालत र पुरातत्त्व विभाग पुगिहाल्छन् । अदालतले नभत्काउनु भनेर आदेश जारी गरिहाल्छ । यता, पुरातत्त्व विभाग आफू पनि काम नगर्ने अरुलाई पनि काम गर्न नदिने । माफियासँग अदालत र पुरातत्त्व विभागको मिलोमतो छ भनेर जनताले राम्रोसँग बुझेका छन् ।

सरकारी, सामुदायिक र गुठीको जग्गा फिर्ता ल्याउन खोज्यो कि अदालत तगारो बनिदिन्छ । हिजो खोलामाथि घर बनाउने बेला पुरातत्त्व विभाग के हेरेर बसेको थियो ? खोलामाथि घर बनाउन मिल्छ ? पुरातत्त्व विभागको काम ऐतिहासिक सम्पत्ति जोगाइराख्नु हो । तर, यहाँ त विभाग नै त्यसलाई मेटाउन लागिपरेको छ । टुकुचा खोज्नुपर्ने दायित्व त विभागको थियो । तर, विभागले त्यसो गरेन, बरु खोज्न अघि बढेका व्यक्तिलाई समेत रोक लगायो ।

बालेनले सुरु गरेको अभियानले जनतामा आश जगाएको छ । उनको सिको अन्य नगरपालिकाका मेयरहरूले पनि गरेका छन् । त्यसैले बालेनको अभियान निरन्तर हुनुपर्छ, यो आम जनताको माग हो । जनताहरू भनिरहेका छन्- डोजर चलाउने काम नरोक बालेन, हामी साथमा छौं ।

***- अशोक थापा, सामाखुसी***

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

सीताराम विवाह पञ्चमी

# तेस्रो दिन 'धनुष यज्ञ' सम्पन्न



**जनकपुरधाम–** जनकपुरधाममा जारी सप्ताहव्यापी सीताराम विवाह पञ्चमी महामहोत्सवको तेस्रो दिन बिहीबार 'धनुष यज्ञ' सम्पन्न भएको छ । बिहीबार दिउँसो ४ बजेदेखि जानकी मन्दिर परिसरमा सुरु भएको धनुष यज्ञ प्रतियोगितामा अयोध्याका राजा दशरथ पुत्र रामचन्द्रको स्वरूपमा सजिएका कलाकारले धनुष उचालेर टुक्रा पारेसँगै यज्ञ सम्पन्न भएको जानकी मन्दिरका सहमहन्थ रामनरेश दासले बताए ।

त्रेतायुगमा राजा जनकले आफ्नी छोरी सीतासँग स्वयम्बरका लागि राखेको 'शिव धनुष यज्ञ' प्रतियोगितामा राजा दशरथका छोरा रामचन्द्रले तीन टुक्रा पारेको किंवदन्तीअनुसार यज्ञ सम्पन्न भई सीतारामबीच माला साटासाट भएको पनि उनले जानकारी दिए ।

सप्ताहव्यापीरूपमा मनाइने सीताराम विवाहपञ्चमी महोत्सवको पहिलो दिन मंगलबार साँझ जानकी मन्दिर परिसरमा 'नगर दर्शन', दोस्रो दिन बुधबार विवाह मण्डपको बगैंचामा फूलबारी लीला बिहीबार धुनुष यज्ञ सम्पन्न भएको हो ।

चौथो दिन शुक्रबार तिलकोत्सव, पाँचौं दिन मटकोर तथा पूजा कार्यक्रम र छैटौं दिन अर्थात् पुस १ गते रंगभूमि मैदान बाह्रबिघामा सीतारामको विवाह कार्यक्रम सुसम्पन्न भएपछि पुस २ मा रामकलेवा गरी जन्ती एवं साधुसन्तलाई बिदाइ गर्ने कार्यक्रम छ । अयोध्याका राजा दशरथका छोरा भगवान् श्रीराम र मिथिलाका राजा जनककी छोरी सीताको विवाह भएको स्मरणमा मिथिलावासीले यसलाई हरेक वर्ष विशेष महोत्सवका रूपमा मनाउने गर्दछन् ।

## अन्नबाट सीताराम स्वयम्बरको आकृति बनाइँदै

विवाह पञ्चमी महोत्सवको अवसर पारेर जनकपुरधामको बाह्रबिघा रंगभूमिमा अन्नबाट भगवान् राम, सीताको स्वयम्बरको विश्वमै सबैभन्दा ठूलो आकृति बनाउन लागिएको छ । भगवान् रामसीतासँगै राजर्षि जनक तथा विश्वामित्रको पनि आकृति निर्माण गरिने भएको छ । सबै चित्र ११ हजार ११ स्क्वायर फिटको रहने निर्माण संयोजक सतिश गुजरले बताए ।

सीताराम अनाज प्रतिमा निर्माण समितिका संयोजक एवं जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठका अनुसार खाद्यान्नबाट बनाउन थालेको आकृतिको उचाइ १२१ फिट र चौडाइ ९१ फिटको रहने छ । आकृतिको निर्माणमा ११ प्रकारको खाद्यान्न प्रयोग गरेर जम्मा १०२ क्वीन्टल लाग्ने संयोजक महासेठले बताएका छन् ।

यसमा चनाको दाल, गहुँ, भटमास, चना, बदाम, मुंग, रहरको दाल, मकै, मसुरोको दाललगायत खाद्यान्न प्रयोग गरिने भएको छ । विश्वमा जनकपुरधामको पर्यटन प्रवर्द्धन गर्नका लागि अन्नको आकृतिको चित्र बनाएर गिनिज बुकमा अभिलेख राख्नका लागि प्रयास भइरहेको संयोजक महासेठले बताए । विश्व रेकर्ड कायम गर्ने उद्देश्यले भगवान् राम र सीतासहितको आकृति बनाउने कार्यका लागि भारतका सतिश गुज्जरको नेतृत्वमा आठ कलाकार आएका छन् ।

स्थानीय जनकपुरधाम उपमहानगरपालिका-४ का गुनगुन मिश्रको परिकल्पनामा भइरहेको आकृति निर्माणको सबै कार्य शुक्रबार बिहान १० बजेसम्म पूरा हुने सतिश गुज्जरले बताए । आकृति निर्माणमा २१ लाख रूपैयाँ खर्च हुने र यसमा लाग्ने खर्च जनकपुरधाम उद्योग वाणिज्य संघ तथा जनकपुरधाम उपमहानगरपालिकाले उपलब्ध गराउने जनाइएको छ । *रासस*


**कालिका विकास बचत तथा ऋण सहकारी संस्था लि.**
**को**

**१३औं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस संस्था लि.को मिति २०८० मंसिर १६ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार, १३औं बार्षिक साधारणसभा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नुपर्ने भएकोले यसै सूचनालाई आधार मानी सम्पूर्ण शेयर सदस्यहरुको उपस्थितको लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, स्थान र समय**
मिति : २०८० पुष २१ शनिबार
समय : बिहान १०:०० देखि
स्थान : एन्जल्स् स्पोर्टस् एकेडेमी, तारकेश्वर-९, मनमैजु, काठमाडौं

**छलफल हुने प्रस्तावहरु:**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षद्धारो बार्षिक प्रतिवेदनमाथि छलफल गरि पारित गर्ने ।
२. संस्थाको तर्फबाट संस्थाका कोषाध्यक्षबाट बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने ।
३. लेखापरिक्षकको प्रतिवेदन सहित आ.व.२०७९/०८० को वासलात र नाफा नोक्सान हिसाब पारित गर्ने ।
४. लेखा समितिको तर्फबाट आ.व.२०७९/०८० को बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने ।
५. आ.व..२०८०/०८१ को लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
६. संस्थाको आन्तरिक कार्यविधि संसोधन तथा पारित गर्ने सम्बन्धमा ।
७. अधिवेशन सम्बन्धमा ।
८. विविध ।

राम बहादुर जुग्जाली — अध्यक्ष
चेम बहादुर पुन — सचिव



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AROOS ALDOHA CLEANING & HOSPITALITY
पूर्व स्वीकृति मिति २०८०/०८/२७ | LT. No. 296466 | चलानी नं. ६०२११५२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 0 | 8 | 1400 | ५०,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ६ गते (22nd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET — श्रम ईजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DELL SECURITY SERVICES SDN BHD
पूर्व स्वीकृति मिति २०७९/११/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२८ | LT. No. : 282386 | चलानी नं. ६०१९८०७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 79 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ६ गते (22nd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** — श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : H & L HIGH-TECH SDN. BHD.
पूर्व स्वीकृति मिति २०८०/०५/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२८ | LT. No. 292082 | चलानी नं. ६०२०७३२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 16 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ६ गते (22nd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 300/059/60
**TRANS WORLD Manpower CO.(P) Ltd.**
3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHOLOUD MANSOUR FAHAID AL-QAHTANI CONTRACTING EST
पूर्व स्वीकृति मिति: २०८०/०८/२७ | LT. No.296476 | चलानी नं. ६०२११५२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 1 | 0 | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ६ गते (22nd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1462/074/075
**Sky Blue International Overseas Pvt.ltd.**
Sinamangal, Kathmandu, Nepal, Phone: 9801970911/9801970910/9801970914
9801970921/9801970918, skyblueintloverseas@gmail.com, www.skyblue.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : MAKEMAKE CONTRACTING WLL
पूर्व स्वीकृति मिति २०८०/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२८ | LT. No. 288213 | चलानी नं. ६०२०३५३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 1200 | ४३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Business Executive | 1 | 0 | 2500 | ९०,४१० | | | | | | | |
| 3 | Human Resource Specialist | 1 | 0 | 4600 | १६६,३६० | | | | | | | |
| 4 | Mason | 5 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 5 | Pipe Fitter | 5 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 6 | Receptionist | 1 | 0 | 2000 | ७२,३३० | | | | | | | |
| 7 | Reinforce Fitter | 8 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 8 | Store Keeper | 2 | 0 | 1900 | ६८,७१५ | | | | | | | |
| 9 | Tilemaker | 3 | 0 | 1200 | ४३,३९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ६ गते (22nd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SOE — श्रम ईजाजत नं. ४९७/०६१/०६२
**Shuvam Overseas Employment Pvt. Ltd.**
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329, 9861929366
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASTERPIECES CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८०/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२८ | LT. No. 294219 | चलानी नं. ६०२०९३०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ३ गते (19th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** — श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BU ALI SPICE CO.W.L.L
पूर्व स्वीकृति मिति २०८०/०८/२७ | LT. No. 296332 | चलानी नं. ६०२११५३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 0 | 5 | 140 | ४९,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Worker | 15 | 0 | 110 | ३८,५४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ६ गते (22nd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**
Chondol, Gitanjali Marga 04, Kathmandu, Nepal
Tel: +977 1 4418252, Fax: +977 1 4480765
Email: paradeshiservices@gmail.com
Govt. License 387/059/060
Website: www.paradeshioverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ALI BIN HASHEM AL HUSSEIN OPERATION AND MAINTENANCE COMPANY
पूर्व स्वीकृति मिति २०८०/०७/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२८ | LT. No.294319 | चलानी नं. ६०२०९४९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 64 | 0 | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ALI BIN HASHEM AL HUSSEIN OPERATION AND MAINTENANCE COMPANY
पूर्व स्वीकृति मिति २०८०/०७/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२८ | LT. No.294320 | चलानी नं. ६०२०९४१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 45 | 0 | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २ गते (18th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.** — श्रम ईजाजत नं. ४४८/०६०/०६१
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GLASSY LOUNGE LADIES BEAUTY SALON CO
पूर्व स्वीकृति मिति २०७९/११/३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२८ | LT No : 281021 | चलानी नं. ६०१९६६२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 7 | 150 | ६४,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 2 | 0 | 130 | ५५,८०५ | | | | | | | |
| 3 | Manicure/pedicure | 0 | 4 | 140 | ६०,१०० | | | | | | | |
| 4 | Massager | 0 | 4 | 140 | ६०,१०० | | | | | | | |
| 5 | Nail Technician | 0 | 7 | 150 | ६४,३९५ | | | | | | | |

कम्पनी : HAIR CITY SALON LADIES
पूर्व स्वीकृति मिति २०७९/०३/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२८ | LT No :265721 | चलानी नं. ६०१८४६३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautican | 0 | 15 | 130 | ५५,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ६ गते (22nd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: A T V A TECHNICAL AND CLEANING SERVICES LLC
पूर्व स्वीकृति मिति २०८०/०८/२८ | LT. No.296430 | चलानी नं. ६०२११५३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 210 | 0 | 1000 | ३५,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ६ गते (22nd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.** — श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

प्रभाव दैनिक

रूपशाला



### श्रृंखलाको सम्भवसँग लगनगाँठो

पूर्व मिस नेपाल श्रृंखला खतिवडा दुलही बनेकी छिन् । बिहीबार उनी सञ्चार उद्यमी सम्भव शिरोहियासँग लगनगाँठो कसिएकी छिन् । श्रृंखला र सम्भवको विवाह समारोह होटल हायातमा चलिरहेको छ । सामाजिक सञ्जालमा सार्वजनिक भएका तस्बिर तथा भिडियोमा दुलहीको पहिरनमा सजिएकी उनी  निकै आकर्षक देखिएकी छन् । विवाहमा दुवै तर्फका नजिकका आफन्त, साथीभाइ लगायतलाई निम्तो गरिएको छ । पूर्व मिस नेपालहरूको पनि विवाहमा सहभागिता रहेको छ । सम्भव कान्तिपुर पब्लिकेशनका अध्यक्ष कैलाश सिरोहियाका छोरा हुन् ।

शुक्रबार, २९ मंसिर २०८० (Friday, December 15, 2023)

# 'मायाका रंगहरू'मा अभिनेता पल शाह अनुबन्धित

■ प्रभाव संवाददाता



**काठमाडौं–** केवल तामाङको निर्माण तथा डेब्यु निर्देशकीय फिल्म 'मायाका रंगहरू कलर्स अफ लभ'को निर्माण घोषणा गरिएको छ । सिनेमाको मुख्य भूमिकामा अभिनेता पल शाह अनुबन्धित भएका छन् ।

यो इन्डो-नेपाली सिनेमाको छायांकन पल शाहले 'पुजार सार्की' सकेपछि भारतको सिक्किमबाट सुरु गरिने निर्माण पक्षले जनाएको छ ।

प्रमिस इन्टरटेनमेन्टको ब्यानरमा निर्माण हुने सिनेमाको ९० प्रतिशत छायांकन भारतको सिक्किम र बाँकी दार्जिलिङ, इलाम र काठमाडौंमा गरिनेछ । भद्र भुजेल र राम मेहरा मुख्य सहायक निर्देशक रहने सिनेमामा सौरभ लामाको डीओपी, शेखर ज्ञवालीको कथा, ताराप्रकाश लिम्बू, उर्गेन दोङ र दीपक शर्माको संगीत, सुष्मा सोनम र रामजी लामिछानेको कोरियोग्राफी रहनेछ ।

सिनेमाको हेड अफ प्रोडक्सन तथा लाइन प्रोडुसरमा सिक्किमबाट टीकाराम अधिकारी, दार्जिलिङबाट सुवास छेत्री र नेपालबाट पदम तामाङ रहनेछन् । पर्यटन प्रवर्द्धनको लागि सिनेमा भन्ने उद्देश्यले निर्माण गरिने यो सिनेमामा ६० प्रतिशत फिल्मकर्मी भारत र ४० प्रतिशत फिल्मकर्मी नेपालबाट लिने तयारी निर्माण टीमको छ ।

नेपाली र हिन्दीमा छायांकन गरिने सिनेमामा पल शाहबाहेक अन्य कलाकारहरू छनोटको चरणमा रहेको निर्माण टीमले जानकारी दिएको छ । यो सिनेमाले नेपाल र भारतको पर्यटन प्रवर्द्धनमा टेवा पुग्नुका साथै नेपाल र भारतबीच सांस्कृतिक सम्बन्धलाई अझै मजबुत बनाउन सहयोग पुग्ने विश्वास निर्देशक तामाङको छ ।

# 'दान्भी'को टिजरमा पूजाको एक्सन

■ प्रभाव संवाददाता



**काठमाडौं–** अभिनेत्री पूजा शर्माको मुख्य भूमिका रहेको फिल्म 'दान्भी'को टिजर सार्वजनिक गरिएको छ । निर्माण युनिटले राजधानीमा एक कार्यक्रम गर्दै सार्वजनिक हो ।

रूपेश तामाङको निर्देशन रहेको फिल्ममा देव मगर र अनुप गडाल निर्माता रहेको फिल्मको टिजरमा अभिनेत्री पूजा शर्माको एक्सनलाई प्राथमिकता दिइएको छ ।

पवन राना मगर कार्यकारी निर्माता रहेको फिल्मका सह-निर्माता कमला लिम्बु, पन्च बहादुर तामाङ, श्रवण कुमार श्रेष्ठ र जीवन कुँवर हुन् ।

फिल्ममा रविना थापा मगरको कथा, संजोग कुँवर रानाको पटकथा तथा संवाद, अर्जुन पोखरेल, नरेश जोशी र केदार राज नेपालीको संगीत, हरि बहादुर घलेको डीओपी, बन्दे प्रसादको सम्पादन, श्री श्रेष्ठको एक्सन छ । फिल्ममा पूजाको अलवा कुन्साङको मुख्य भूमिका छ । फिल्मको प्रदर्शन मिति तय भएको छैन ।

# 'परस्त्री' हिन्दीमा एमएक्स प्लेयरमा रिलिज

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली फिल्म 'परस्त्री'को हिन्दी संस्करण ओटीटी प्लाटफर्ममा रिलिज भएको छ । भारतीय ओटीटी प्लाटफर्म एमएक्स प्लेयरमा बिहीवार स्ट्रिमिङ सुरु भएको निर्देशक सुरज पाण्डेले बताए ।

नेपाली हलमा यसैवर्ष रिलिज भएको यो थ्रीलर फिल्मलाई अब संसारभरका दर्शकले इन्टर नेटमा हेर्न सक्ने बताए । शिल्पा मास्के, गौरव विष्ट र कोसिस क्षेत्रीको शीर्ष भूमिका रहेको यो फिल्मको प्राविधिक पक्षको प्रशंसा भएको थियो ।

'नेपाली फिल्म भारतीय ओटीटीबाट रिलिज हुनु बजार विस्तारको हिसाबले निकै राम्रो कुरा हो । अब हामीले प्रदर्शनका माध्यमहरू पहिल्याउनु जरुरी छ' निर्देशक पाण्डेले भने । उक्त ओटीटी प्लाटफर्म भारतमा धेरै हेरिनेमध्ये पर्ने उनले बताए ।

निर्माताले छायांकनको बेलादेखि यसलाई नेपाली र हिन्दी भाषामा निर्माण गरेका थिए । यो फिल्ममा अलिशा क्षेत्री, आशान्त शर्मा, रामबाबु रेग्मी, सरस्वती अधिकारी, झकेन बिसी, अर्पित न्यौपाने लगायतको पनि अभिनय छ । यो फिल्मलाई डीएस डिजिटलले निर्माण गरेको हो ।

# 'रंगेली'को पोस्टर सार्वजनिक

**काठमाडौं (प्रस)–** नेपाली चलचित्र 'रङ्गेली'का दुई नयाँ क्यारेक्टर पोस्टर सार्वजनिक गरिएको छ । अभिनयमा पोख्त अभिनेता प्रवीण खतिवडाको पात्र चित्रण गर्ने दुई पोस्टरमा उनलाई 'मान बहादुर ढकाल'को नाम दिइएको छ । पोस्टर अनुसार यस चलचित्रमा उनी नेपाल प्रहरीको निरीक्षक बनेका छन् ।

यसअघि अभिनेता द्वय दयाहाङ राई, अर्पण थापा र अभिनेत्री मिरुना मगरको पात्र अनुसारका पोस्टर सार्वजनिक गरिएको थियो । 'रङ्गेली'मा खतिवडाको भूमिका बलियो रहेको निर्देशक अर्जुन सुवेदीले बताए । सुवेदीकै लेखन रहेको 'रङ्गेली'मा अर्पण, दयाहाङ, मिरुना, प्रवीण, रमेश बुढाथोकी लगायतको प्रमुख भूमिका रहेको छ । यो चलचित्र आगामी फागुन २५ गते महाशिवरात्रिको दिन विश्वव्यापी रिलिज हुँदैछ । यस चलचित्रका गीतहरूमा हर्क साउद, अर्जुन सुवेदी र सबिन सिंहको शब्द रचना तथा सुशान्त गौतम र हर्कुलस बस्नेतको सङ्गीत रहेको छ ।

चलचित्रका कार्यकारी निर्माताहरू जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा हुन् । निर्माताहरू संसार चौलागाई र रमेश भट्टराई वशिष्ठ हुन् भने युवक कार्की र शिव शङ्कर चौलागाईं सह-निर्माता हुन् । विवेक खड्का (योलो) एशोसियट निर्माता हुन् । छायाकार सुशन प्रजापति हुन् ।




## रंगशाला

एलपिएल क्रिकेट

# धनगढी स्पोर्ट्स् क्लब सेमिफाइनलमा



■ प्रभाव संवाददाता

**कैलाली–** धनगढी स्पोर्ट्स् क्लब धनगढीमा जारी लिटल फ्लावर प्रिमियर लिग (एलपिएल)को सेमिफाइनलमा प्रवेश गरेको छ । धनगढी स्पोर्ट्स क्लब खप्तड इन्डोर स्पोर्ट्स् ट्रेनिङ सेन्टरलाई ६७ रनले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको हो ।

यसअघि नै समूह 'बी' बाट युथ अफ टीकापुर, समूह 'सी'बाट घोडाघोडी क्रिकेट एकेडमी र समूह 'डी' बाट सत्यवती एकेडेमी सेमिफाइनल प्रवेश गरिसकेका छन् । धनगढी स्पोर्ट्स क्लबले दिएको एक सय ६४ रनको लक्ष्य पछ्याएको खप्तड इन्डोरले १९ दशमलव तीन ओभरमा ९६ रन बनाउँदा सबै विकेट गुमायो । प्लेयर अफ द म्याच घोषित भएका भुवन कार्कीले आठ विकेट लिने क्रममा चार ओभरमा १८ रन खर्चिए । त्यस क्रममा कार्कीले इनिङ्सको पन्ध्रौं ओभरमा तीन विकेट तथा सत्रौं ओभरमा चार विकेट लिएका थिए ।

खप्तड इन्डोर स्पोर्ट्सको ब्याटिङमा अभिषेक थापाले सर्वाधिक ४२ रन तथा प्रकाश पाण्डेले ३० रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । यसअघि टस हारेर ब्याटिङ गरेको धनगढी स्पोर्ट्स क्लबले २० ओभरमा पाँच विकेट गुमाएर एक सय ६३ रन बनायो ।

धनगढी स्पोर्ट्सको लागि ओपनर सुनिल धमलाले अर्धशतकीय योगदान दिए । धमलाले ५० बलमा पाँच चौका र दुई छक्का प्रहार गरे । कप्तान भुवन कार्कीले ३६, प्रनित थापाले २६ तथा अमरसिंह रौटेलाले अविजित १२ रन योगदान दिए । धमलाले दोस्रो विकेटका लागि भुवन कार्कीसँग ८४ रनको तथा तेस्रो विकेटको लागि प्रनित थापासँग ५४ रनको साझेदारी गरे ।

खप्तड इन्डोर स्पोर्ट्सको बलिङमा रवि विष्ट र आर्यन विष्टले दुई-दुई विकेट तथा वीरेन्द्र बमले एक विकेट लिए । लिटल फ्लावर स्पोर्ट्स् क्लबको आयोजनामा सुरु भएको सो प्रतियोगिताको उपाधि विजेताले रु दुई लाख ५५ हजार र उपविजेताले रु एक लाख २८ हजार पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगितामा काठमाडौं, रौतहट, दाङ, कैलाली र कञ्चनपुरका गरी १६ वटा टिमको सहभागिता छ ।

## प्रबल र छिरिङ फाइनलमा

**काठमाडौं (प्रस)–** मलेसियाको पेनाङमा जारी ३४ औं अन्तर्राष्ट्रिय बक्सिङ प्रतियोगितामा नेपालका प्रबल उप्रेती र छिरिङ वाङदी शेर्पा फाइनल प्रवेश गरेका छन् । यससँगै नेपालको कम्तीमा दुई रजत पदक पक्का भएको छ । पुरुष ५१ केजी तौलसमूहमा प्रबलले इन्डोनेसियाका बिहीबार हसान बिन अजानलाई ५-० अंकको आधारमा पराजित गरी फाइनलमा प्रवेश गरे । पुरुष ५७ केजीमा छिरिङले सिङगापुरका अब्दुल वाफी बिन इड्रिसलाई तेश्रो राउन्डमा आरएससीका आधारमा हराउँदै फाइनलमा स्थान पक्का गरे । सेमिफाइनलमा प्रबलले सिङगापुरका ड्यानी चाउ यिजी तथा छिरिङले इन्डोनेसियाका फकिह अन्दरा नाशुटेशनलाई समान ५-० अंकको आधारमा पाखा लगाउदै सेमिफाइनल यात्रा तय गरेका थिए । पुरुष ५४ केजीमा सिंहवीर लिम्बू तथा ६० केजीमा शुलभ माली सेमिफाइनलमै रोकिएपछि काँस्यमा सीमित भए । नेपाली टोलीको प्रशिक्षकमा आइबा वान स्टार कोच सन्जिप श्रेष्ठ र व्यवस्थापक स्मृति विश्वास रहेका छन् ।

## कीर्तिपुर 'ए' विजयी

**काठमाडौं (प्रस)–** कीर्तिपुर 'ए' ले दोश्रो नखिपोट खुला बास्केटबल प्रतियोगिताको पुरुषमा सफलता हात पारेको छ । कीर्तिपुर 'ए' ले बौद्ध 'बी' लाई ८८-५३ ले पराजित गर्‍यो । विजयी टिमका लागि जयदीपले २८ अंक जोडे । कीर्तिपुरको 'बी' टिम भने चुक्यो । शंकरदेव क्याम्पसले कीर्तिपुर 'बी' लाई ७९-७५ को साँघुरो अन्तरले हरायो । शंकर देवका सोहिल श्रेष्ठले २३ स्कोर गरे ।

पुरुषमै क्वाटरफाइनलमा स्थान पक्का गरिसकेका नेपाल आर्मी र टाइम्सले पनि आ-आफ्नो प्रतिद्वन्द्वीमाथि जित निकाले । आर्मीले टाइमआउटलाई ९९-७७ ले पाखा लगायो । आर्मीका निकेश मगरले २८ अंक जोडे । टाइम्सले बलर्समाथि १२०-७६ को सहज जित दर्ता गर्‍यो । टाइम्सका विजय बुर्जाले ३६ अंक बटुले ।

## माछापुच्छ्रे कप पुस २६ गतेदेखि

**पोखरा (प्रस)–** दोस्रो संस्करणको माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप पुस २६ गतेदेखि २८ गतेसम्म आयोजना हुने भएको छ । 'स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद' भन्ने मुल नाराका साथ माछापुच्छ्रे गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा हुने प्रतियोगिता घाचोक मेघराज माविको प्राङ्गणमा हुने भएको हो । खेलकुदलाई प्राथमिकतामा राखेर गाउँपालिकाले ९ लाख विनियोजन गरेको र गण्डकी प्रदेश अन्तर पालिका स्तरीय पुरुष भलिबल प्रतियोगितामा गण्डकी प्रदेशका ११ वटा जिल्लाका ८५ वटै पालिकाबाट खेलाडीहरूको सहभागिता रहने गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत गोपिककृष्ण अर्यालले बताए । प्रथम हुने टिमले ३ लाख रूपैयाँ र दोस्रो हुने टिमले २ लाख रूपैयाँका साथ ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने माछापुच्छ्रे भलिबल सघंका अध्यक्ष राम पुनले जानकारी दिए । सेमिफाइनल पुग्ने अन्य दुई टिमलाई समान ५० हजारका साथ ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । विधागततर्फ उत्कृष्ट स्पाइकर, मिडल ब्लकर, डिफेन्डर, सेटर, सर्भर खेलाडीलाई समान ७ हजार रूपैयाँ प्रदान गरिनेछ ।

एनएसएल फुटबल

# अपराजित धनगढी शीर्षस्थानमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सुपर लिग एनएसएल फुटबलमा अपराजित यात्रा कायम राख्दै धनगढी एफसी शीर्ष स्थानमा उक्लिएको छ । जारी सिजन लगातार ५ खेलमा अपराजित रहेको धनगढीले दशरथ रंगशालामा एफसी चितवनलाई १-० ले हरायो । खेलको दोस्रो मिनेटमै धनगढीका ओलावाले आफिजले गरेको गोल निर्णायक भयो ।

रोहन कार्कीले दिएको पासमा ओलावालेले बक्स बाहिर चितवनका एक डिफेण्डरलाई छलाउँदै सेकेण्ड बारमा प्रहार गरेको बलले जाली चुम्यो । चितवनका किपर विशाल श्रेष्ठले त्यो बल रोक्ने कुनै अवसर पाएनन् । धनगढीले सुरुदेखि नै फरवार्ड लाइनमै तीन विदेशी खेलाडी खेलाएको थियो । त्यसको परिणामले धनगढीले सुरुमै गोलको खाता खोलेको थियो । जुन गोल नै निर्णायक भयो ।

चितवनले गोल फर्काउन पेनाल्टीसहितका मौका पाए पनि सफल भएन । पहिलो पटक पहिलो रोजाइमा खेलेका धनगढीका टिकेन्द्र थापाले चितवनका विमल घर्ती मगरले हानेको पेनाल्टी बचाए । पहिलो हाफको इन्जुरी समयमा भएको यो पेनाल्टी टिकेन्द्रले दायाँतर्फ डाइभ गर्दै बचाएका थिए ।

यस्तै खेलमा धनगढीले गोल थप्ने मौका पनि गुमायो । आशिष चौधरीले खाली पोष्टमा गोल हान्न सकेनन् । ओलावाले आफिजले चितवनका किपर विशाल श्रेष्ठलाई बिट गर्दै बायाँ भागबाट बक्समा क्रस दिएका थिए । तर मार्की आशिषले फ्रि चान्समा पनि गोल गर्न सकेनन् । उनको प्रहार पोष्ट भन्दा बाहिर गयो । यो जितपछि धनगढीको ५ खेलबाट ११ अंक छ । यो सहित ३ खेल जितेको धनगढी २ खेलमा बराबरीमा रोकिएको थियो । दोस्रो स्थानमा रहेको ललितपुर सिटीको ५ खेलबाटै ९ अंक छ । पराजित चितवन भने पुछारबाट दोस्रो स्थानमा छ ।

आरएसएफको प्रतिवेदन

# सन् २०२३ मा काममा मारिने पत्रकारको संख्या घट्यो

**पेरिस–** पछिल्लो दुई महिनामा गाजामा पत्रकारहरूको मृत्यु भए पनि यो वर्ष कामका क्रममा मारिने पत्रकारहरूको संख्यामा कमी आएको मिडिया वकालत समूह रिपोर्टर्स विदाउट बोडर्स (आरएसएफ)ले बिहीबार बताएको छ ।

आरएसएफको वार्षिक प्रतिवेदनअनुसार सन् २०२३ को पहिलो ११ महिनामा कामका क्रममा ४५ पत्रकार मारिएका छन् । यो आँकडा गत वर्ष ६१ थियो । ल्याटिन अमेरिकामा आएको ठूलो गिरावटका कारण सन् २००२ मा ३३ पत्रकारको मृत्युपछि यो वर्ष सबैभन्दा कम पत्रकार मारिएका छन् ।

अक्टोबर ७ मा इजरायल र इस्लामिक लडाकु समूह हमासबीच युद्ध सुरु भएपछि मध्यपूर्वमा करिब ६३ पत्रकार मारिएका छन् तर तीमध्ये १७ जनामात्रै आरएसएफको परिभाषामा परेका छन् । आरएसएफका महासचिव क्रिस्टोफर डेलोयरले एएफपीलाई भने, 'यसले गाजा क्षेत्रको त्रासदीबाट टाढा राख्दैन तर हामीले नियमितरूपमा गिरावट देखिरहेका छौं, सिरिया र इराकमा युद्धका कारण सन् २०१२ मा र फेरि सन् २०१३ मा मारिएका १४० पत्रकारहरूको तुलनामा यो धेरै टाढा छ ।'

उनका अनुसार यो गिरावट अन्तरसरकारी संगठनहरू र गैरसरकारी संगठनहरूले दण्डहीनताविरुद्ध लड्ने प्रयासहरूका साथै स्वयं पत्रकारहरूले पुऱ्याएको अधिक 'विवेकशीलता'का कारण भएको हो । आरएसएफका अनुसार अक्टोबर ७ पछि मध्यपूर्वमा आफ्नो पेसा निर्वाह गर्ने क्रममा मारिएका १७ पत्रकारमध्ये १३ गाजामा इजरायली हमलामा मारिएका छन् भने तीन लेबनानमा र एक जना हमासद्वारा इजरायलमा मारिएका छन् । आरएसएफले यी मृत्युलाई लिएर 'युद्ध अपराध'का लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतमा उजुरी दायर गरिएको नोभेम्बरमा बताएको थियो ।

अक्टोबर १३ मा रोयटर्सका क्यामेरामेन इस्साम अब्दुल्लाहको हत्या गर्न र एएफपीका फोटोग्राफर क्रिस्टिना एसीसहित अन्य छ जनालाई घाइते बनाउन इजरायली ट्यांकको हमलामा जिम्मेवार रहेको आफ्नो अनुसन्धानबाट थाहा भएको एएफपीले गत साता बताएको थियो ।

पत्रकारहरू दक्षिणी लेबनानमा 'सक्रिय युद्ध क्षेत्र'मा रहेको इजरायली सेनाका एक पत्रकारले बताएका छन् तर महासचिव डेलोयरले प्रवक्ताको जवाफ 'सन्तोषजनक' नभएको बताए । युक्रेनमा युद्धका कारण सन् २०२३ मा दुई पत्रकारको ज्यान गएको छ । आरएसएफले भनेको छ, 'मारिनेमा एक एएफपीका रिपोर्टर अरमान सोल्डिन थिए, उनी आफ्नै देशबाहिर ज्यान गुमाउने एकमात्र रिपोर्टर हुन् ।' सन् २०२२ मा द्वन्द्व सुरु भएपछि युक्रेन युद्धमा कूल ११ पत्रकार मारिएका छन् ।

### ल्याटिन अमेरिकामा गिरावट

ल्याटिन अमेरिकामा मारिने पत्रकारहरूको संख्यामा तीव्र कमी आएको छ । त्यहाँ छ जना पत्रकारको हत्या भएको छ । सन् २०२२ मा २६ पत्रकार मारिएका थिए । मेक्सिकोमा मात्र यो संख्या गत वर्षको ११ बाट घटेर चारमा आएको छ । लगातार अपहरण र हमला भएको भन्दै आरएसएफले मेक्सिको पत्रकारहरूका लागि खतरनाक बनेको चेतावनी दिएको छ । विश्वभरमा बेपत्ता भएका ८४ पत्रकारमा करिब एक तिहाइ मेक्सिकाली रहेका छन् ।

सन् २०२२ मा कारागारमा रहेका पत्रकारहरूको संख्या ५६९ बाट घटेर ५२१ भएको छ । चीन र म्यान्मापछि बेलारुस 'विश्वका तीन सबैभन्दा ठूला कारागारमध्ये एक' का रूपमा सामेल भएको छ । टर्की र इरानले बारम्बार पत्रकारहरूलाई कारागारमा हाल्ने गरेको प्रतिवेदनमा उल्लेख छ । कूल ५४ पत्रकारलाई बन्धक बनाइएको छ । यो संख्या सन् २०२२ मा ६५ थियो । *रासस/एएफपी*

# फिलिपिन्सबाट निकालिए १८० चिनियाँ

**मनिला–** फिलिपिन्सले राजधानी मनिलामा यौन बेचबिखन र अनलाइन घोटालाको आशंकामा छापा मारेर पक्राउ परेका १८० चिनियाँलाई बिहीबार देश निकाला गरेको अधिकारीहरूले बताएका छन् ।

अक्टोबरमा गरिएको कारबाहीका क्रममा एउटा परिसरभित्र भेटिएका करिब ६०० मानिसमा चिनियाँ, कोरियाली, भियतनामी र फिलिपिनो रहेका थिए । यौन खेलौना, एउटा मसाज पार्लर, सांगीतिक धुनसँग गीत गाउने कोठा र एउटा रेस्टुरेन्ट एक व्यवसायीद्वारा सञ्चालित उक्त भवनमा फेला परेको थियो । उक्त व्यवसायले इन्टरनेट गेमिङ कम्पनीका रूपमा इजाजत प्राप्त गरेको अधिकारीहरूले बताएका छन् । छापा मार्ने क्रममा धेरै महिलाको 'उद्धार' गरिएको प्रहरीले बताएको छ ।

राष्ट्रपतिको संगठित अपराधविरोधी आयोगका उपसचिव गिल्बर्टो क्रुजले एएफपीलाई भने, 'चिनियाँ नागरिकसँग वर्क परमिट (काम गर्ने अनुमति) थिएन र उनीहरू 'अनलाइन घोटालामा' संलग्न थिए ।' छापामा पक्राउ परेका थप विदेशीहरूलाई आगामी साताहरूमा देश निकाला गरिने उनले जानकारी दिए ।

एसिया-प्रशान्त क्षेत्रमा इन्टरनेट घोटालाहरूबारे अन्तर्राष्ट्रिय चिन्ता बढिरहेको छ । यसमा प्रायः तस्करीका पीडितहरूलाई धोका दिइन्छ र फर्जी क्रिप्टो लगानीलाई बढावा दिनका लागि बाध्य पारिन्छ । फिलिपिन्सका सिनेटर रिसा होन्टिभेरोसले फिलिपिन्समा 'घोटाला कल सेन्टर' सञ्चालन भइरहेको र मुलुकमा बेचबिखन गरी ल्याइएका विदेशीहरूलाई ती कल सेन्टरले रोजगारी दिन्छन् भनेर यसअघि नै चेतावनी दिए थिए ।

अमेरिकी विदेश मन्त्रालयले उसको सन् २०२३ मानव तस्करी प्रतिवेदनमा फिलिपिन्सले मुलुकभित्र हुने गरेको श्रम तस्करी अपराधहरूको कडा अनुसन्धान वा मुद्दा चलाएको छैन । 'भ्रष्टाचार र तस्करीको अपराधहरूमा आधिकारिक संलग्नता गम्भीर चिन्ताको विषय बनेको छ,' प्रतिवेदनमा भनिएको छ । *रासस/एएफपी*

# विद्युत् बजारमा सुधारका सम्झौता

**ब्रसेल्स–** युरोपेली युनियन (इयू) ले जीवाश्म इन्धनमाथि निर्भरता कम गर्न र उपभोक्ता मूल्यहरूलाई स्थिर राख्न इयूको विद्युत् बजारमा सुधारका लागि बिहीबार एउटा सम्झौता गरेको इयू परिषद्ले एक विज्ञप्तिमा जनाएको छ ।

'आज परिषद् र संसद्ले इयूको विद्युत् बजार डिजाइन (इएमडी) मा सुधारका लागि अस्थायी सम्झौता गरेका छन्,' हाल स्पेनको अध्यक्षता रहेको इयू परिषद्का अध्यक्षद्वारा बिहीबार जारी विज्ञप्तिमा भनिएको छ, 'सुधारले विद्युत्को मूल्यलाई अस्थिर जीवाश्म इन्धनको मूल्यहरूमा कम निर्भर बनाउने, उपभोक्ताहरूलाई मूल्यवृद्धिबाट बचाउने, नवीकरणीय ऊर्जा र परिचालनमा तीव्रता ल्याउने र उपभोक्ता संरक्षणमा सुधार गर्ने लक्ष्य राखेको छ ।'

इयूका योजनाहरूको उद्देश्य बजारको अस्थिरतालाई कम संवेदनशील बनाउनु हो । यसलाई गत वर्ष उपभोक्ता र व्यवसायहरूका लागि ऊर्जाको मूल्यमा वृद्धि गर्ने युक्रेनमाथि रुसी आक्रमणको प्रतिक्रियाका रूपमा हेरिएको छ ।

'यो सम्झौता राम्रो समाचार हो किनकि यसबाट हामी रुसी ग्यासमाथि इयूको निर्भरता अझ कम गर्न र हरितगृह ग्यास उत्सर्जनमा कटौतीका लागि जीवाश्मरहित ऊर्जाको प्रवर्द्धन गर्न सहयोग पुग्ने छ,' स्पेनका ऊर्जामन्त्री टेरेसा रिबेराले भने । उक्त सम्झौता इयू परिषद् र संसद् दुवैबाट अनुमोदन हुनुपर्ने छ । रासस/एएफपी


## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLACK NINJA MEDICAL AND LABORATORY EQUIPMENT REPAIRING EST

पूर्व स्वीकृति मिति २०८०/०८/२८ | LT. No. 296443 | चलानी नं. ६०२११५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commercial Sales Representative | 8 | 0 | 1500 | ५३,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Entry Clerk | 4 | 0 | 1200 | ४३,१५५ | | | | | | | |
| 3 | Medical Laboratory Assistant | 0 | 1 | 1400 | ५०,३५० | | | | | | | |
| 4 | Office Clerk | 2 | 1 | 1200 | ४३,१५५ | | | | | | | |
| 5 | Public Relation Clerk | 4 | 0 | 1200 | ४३,१५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ६ गते (22nd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : +977-1-4112758, Mobile: 9851027865, 9803885095 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SERN KOU FURNITURE INDUSTRIES SB.

पुर्व स्वीकृति मिति २०७९/०४/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२८ | LT. No. 269110 | चलानी नं. ६०१८४९५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 158 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ६ गते (22nd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1503/074/75
**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTEGRAL FACILITY MANAGEMENT INTERNATIONAL

पूर्व स्वीकृति मिति २०८०/०८/२७ | LT. No.296479 | चलानी नं. ६०२११५३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 10 | 0 | 1000 | ३६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ६ गते (22nd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: नि:शुल्क कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.** श्रम इजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUE OCEAN RESTAURANT

पूर्व स्वीकृति मिति २०८०/०१/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२८ | LT. No. 285671 | चलानी नं. ६०२०१०७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ६ गते (22nd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४५५/०७४/०७५
**B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.**
Dhapasi-9, Basundhara Tole, Kathmandu,Tel: +997-1-4356889

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOP QUALITY AUTO PARTS W.L.L

पूर्व स्वीकृति मिति २०८०/०८/२७ | LT. No. 296511 | चलानी नं. ६०२११५३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Customer Service | 7 | 0 | 1500 | ५४,४१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mechanic | 2 | 0 | 1100 | ३९,९०५ | | | | | | | |
| 3 | Receptionist | 1 | 0 | 1100 | ३९,९०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ६ गते (22nd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Dream & Guide System Pvt. Ltd.**
श्रम इजाजत न. ६७१/०६३/०६४
P.O.Box:- 144,Sundar Marg, Basundhara-3, Kathmandu, Nepal,
Tel: - +977-01-5905860, 5905859, Email: - dreamguidesystem@gmail.com/ info@dreamandguide.com, Web:- www.dreamandguide.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW CREATIVITY RESTAURANTS FOR SERVING MEALS

पूर्व स्वीकृति मिति: २०८०/०८/२८ | LT. No. 296300 | चलानी नं. ६०२११५४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Tool Cleaning Worker | 4 | 0 | 1100 | ३८,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ६ गते (22nd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Amal Overseas Pvt. Ltd.**
Govt. License No. 1345/074/075
Samakhusi-26, Kathmandu, Nepal +977-1-4360015, 4366061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com
Website : alamaloverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SRI MAHLIGAI SECURITY SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२८ | LT. No. 284337 | चलानी नं. ६०१९९७६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 100 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ६ गते (22nd Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.** Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११६००० | प्रति तोला – ११५४५० | प्रति तोला – १४०० |

## अर्थतन्त्रका सूचकमा सुधार हुँदै गएको छ : अर्थमन्त्री



■ प्रभाव संवाददाता

**पाटन (ललितपुर)**– अर्थमन्त्री डा प्रकाशशरण महतले अर्थतन्त्रका सूचकहरूमा सुधार हुँदै गएको जानकारी गराएका छन् । नेपाल ट्रेड युनियन कांग्रेसद्वारा ललितपुरमा आयोजित औद्योगिक नीति तथा श्रम सम्बन्ध विषयक कार्यक्रममा उनले पर्यटकहरूको वृद्धि हुँदै गएको, बैंक तथा वित्तीय संस्थाहरूको ब्याजदर घट्दै गएको, रेमिट्यान्स बढ्दै गएको जानकारी गराउँदै अहिले अर्थतन्त्रका सबै सुचकहरूमा सुधार हुँदै गएको बताएका हुन् ।

'अहिले अर्थतन्त्रका सूचकहरूमा सुधार हुँदै गएको छ, पर्यटकको वृद्धि हुँदै गएको छ, ब्याजदर घट्दै छ, रेमिट्यान्स पनि बढ्दैछ, हामीले छलफल गरेर मौद्रिक नीतिमा पनि केही लचिलो बनाउन प्रयत्न गरेका छौं, विस्तारै उद्योग व्यवसाय पनि सबल बन्दै जानेछ, श्रमिकको माग पनि वृद्धि हुँदै जाने छ, श्रमिकहरू विस्थापित हुने अवस्था अन्त्य हुनेछ', अर्थमन्त्री महतले भने, 'नेपालको अर्थतन्त्र समस्यामा थियो, अहिले हामी हटाउन लागेका छौं ।'

उनले बेरोजगारहरूलाई पनि रोजगारको अवसर सिजना गर्न ट्रेड युनियनले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । उनले श्रमिक र उद्योग व्यवसायीबीच निरन्तर वार्ता तथा सम्वादमार्फत एकअर्कालाई बुझ्नुपर्ने र सम्बन्धलाई सुमधुर बनाउनु पर्ने धारणा राखे । उनले सरकारले नेपालमा लगानी भित्र्याउनका लागि आगामी वैशाखमा लगानी सम्मेलन गरिने बताए ।

डा. महतले बाहिरबाट आयात हुने सामानको तुलनामा नेपालमा उत्पादन हुने औद्योगिक सामानको लागत कम गर्न नसकिएको उल्लेख गर्दै सक्रिय श्रमिकहरूको क्षमतालाई प्रोत्साहन गर्न पनि नसकिएको धारणा राखे । उनले उत्पादकत्व कम हुँदा समयसापेक्ष श्रमिकको पारिश्रमिक बढ्न नसकेको धारणा व्यक्त गरे ।

'उत्पादकत्व बढाउने हाम्रो चुनौती छ, यसका लागि पूर्वाधारको विकास आवश्यक छ', उनले भने । उनले सरकारको प्राथमिकता पूर्वाधार विकासमा रहेको बताए । उनले यातायातको लागत कम गर्न र कामदारहरूको ज्ञान तथा क्षमताको सही उपयोग हुन आवश्यक रहेकामा जोड दिँदै लागत कम गर्ने कुरामा उद्योगी व्यवसायीले नयाँ प्रविधि उपयोग गर्नुपर्ने र श्रमिकका सङ्गठनहरूले पनि श्रमिकको क्षमता अभिवृद्धिमा लाग्नुपर्नेमा ध्यानाकर्षण गराए ।

श्रमिकका अधिकारका कुरामा हस्ताक्षर गर्नेमा नेपाल अगाडि नै रहेको उल्लेख गर्दै अर्थमन्त्री महतले कतिपय कुरा पूरा गर्न स्रोतको सुनिश्चितता हुन नसक्दा समस्या भएको बताए ।

राष्ट्र बैंक प्रतिवेदन

## शोधनान्तर स्थिति एक खर्ब ४७ अर्ब ११ करोडले बचतमा

■ प्रभाव संवाददाता

**काठमाडौं**– मुलुकबाट बाहिरिनेभन्दा भित्रने पैसाको मात्रामा क्रमशः वृद्धि भएको पाइएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको चार महिनाको विवरण अनुसार यस अवधिमा शोधनान्तर स्थिति रु एक खर्ब ४७ अर्ब ११ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु २० अर्ब तीन करोडले बचतमा थियो ।

समीक्षा अवधिमा चालु खाता रु ९६ अर्ब ३८ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु ३७ अर्ब ७९ करोडले घाटामा थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा २९ करोड ६१ लाखले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा ७२ करोड ५१ लाखले बचतमा छ ।

समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर ४६ दशमलव छ प्रतिशतले कमी आई रु एक अर्ब ५९ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु तीन अर्ब ६४ करोड छ । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु दुई अर्ब ९७ करोड कायम भएको थियो भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु ४२ करोड ९२ लाख रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १४ करोड ९६ लाखले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा १ अर्ब ११ करोडले बचतमा छ ।

आर्थिक वर्ष २०८०/८१ को चार महिनामा कुल वस्तु आयात तीन दशमलव आठ प्रतिशतले कमी आई रु पाँच खर्ब १२ अर्ब ५० करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयातमा १८ दशमलव एक प्रतिशतले कमी आएको थियो ।

वस्तु आयात गरिने मुलुकका आधारमा भारत र अन्य मुलकबाट भएको आयात क्रमशः दुई दशमलव पाँच प्रतिशत र २७ दशमलब सात प्रतिशतले घटेको छ भने चीनबाट भएको आयात ३४ दशमलब चार प्रतिशतले बढेको छ । वस्तुगत आधारमा तयारी पोशाक, एमएस तार, छड, बार तथा क्वाइल, विद्युत्तीय उपकरण, लत्ताकपडा, हवाईजहाजका स्पेयर पार्टपुर्जालगायतका वस्तुको आयात बढेको छ भने कच्चा सोयाविन तेल, सुन, पेट्रोलियम पदार्थ, कच्चा पाम तेल, एमएस विलेटलगायतका वस्तुको आयात घटेको छ ।

निर्याततर्फ भैरहवा, सुख्खा बन्दरगाह, जलेश्वर, कञ्चनपुर, कृष्णनगर, मेची, रसुवा, तातोपानी तथा त्रिभुवन विमानस्थल भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेको छ । आयाततर्फ भैरहवा, सुक्खा बन्दरगाह, जलेश्वर, कञ्चनपुर, कृष्णनगर, नेपालगञ्ज, रसुवा तथा तातोपानी भन्सार कार्यालय बाहेकका सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा कमी आएको छ । चालु आवको चार महिनामा कुल वस्तु व्यापारघाटा तीन दशमलव तीन प्रतिशतले कमी आई रु चार खर्ब ६१ अर्ब ९४ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा १५ दशमलब नौ प्रतिशतले घटेको थियो ।

### विदेशी मुद्राको विनिमय सञ्चिति १६ खर्ब ९६ अर्ब कायम

विदेशी मुद्रा सञ्चिति १० दशमलव दुई प्रतिशतले बढेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको चार महिनाको विवरणअनुसार गत कात्तिक मसान्तसम्म विदेशी मुद्राको विनिमय सञ्चिति रु १६ खर्ब ९६ अर्ब ७८ करोड पुगेको छ । कूल विदेशी सञ्चितीमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति रु १४ खर्ब ९० अर्ब ८३ करोड बराबर छ ।

केन्द्रीय बैंकका अनुसार २०८० असार मसान्तमा रु १५ खर्ब ३९ अर्ब ३६ करोड रहेको कुल विदेशी विनिमय सञ्चितिमा १० दशमलब दुई प्रतिशतले वृद्धि भई गत कात्तिक मसान्तमा रु १६ खर्ब ९६ अर्ब ७८ करोड पुगेको हो । अमेरिकी डलरमा यस्तो सञ्चिति २०८० असार मसान्तमा ११ अर्ब ७१ करोड रहेकोमा २०८० कात्तिक मसान्तमा आठ दशमलव नौ प्रतिशतले वृद्धि भई १२ अर्ब ७५ करोड पुगेको छ ।

यस्तै, बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८० असार मसान्तमा रु एक खर्ब ९३ अर्ब ५९ करोड रहेकोमा २०८० कात्तिक मसान्तमा छ दशमलव चार प्रतिशतले वृद्धि भई रु दुई खर्ब पाँच अर्ब ९५ करोड कायम भएको छ । गत कात्तिक मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २१ दशमलव आठ प्रतिशत छ ।

आर्थिक वर्ष २०८०/८१ को चार महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १३ दशमलव छ महिनाको वस्तु आयात र ११ दशमलव तीन महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

